
सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको

# प्रथम रणनीतिक योजना

**दशवर्षीय रणनीतिक योजना (२०७९/८० देखि २०८८/८९)**







**सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान**
**सुदूरपश्चिम प्रदेश,**
**पुन्ना, डोटी ।**

आषाढ, २०७९

# प्रथम रणनीतिक योजना

(२०७९/८०–२०८९/९०)

संस्थाको आफ्नो लोगो राख्ने

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

**सुदूरपश्चिम प्रदेश**

पुन्ना, डोटी

आषाढ, २०७९

## शुभकामना

**मुख्यमन्त्री, सुदूरपश्चिम प्रदेश**

नेपालको संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त हुने सेवा-सुविधा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन र सेवाप्रवाहको जिम्मेवारीबाट प्रदेश तथा स्थानीय तहका सरकार सञ्चालन प्रणालीका सवै अंगहरुबाट प्रभावकारी रुपमा कार्यान्वयन गर्न जरुरी छ ।

प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, मनोनित/नियुक्त पदाधिकारी र कर्मचारीका लागि प्रभावकारी कार्य सम्पादनमा आधारित प्रशिक्षण, समस्या तथा सवाल केन्द्रित बहश र पैरवी, आवश्यकतामा आधारित परामर्श सेवा, ज्ञान/सीपको व्यवस्थापन र आदान-प्रदान, समस्या केन्द्रित र नवीनतम कार्य सम्बन्धी अनुसन्धान गर्ने उद्देश्यले स्थापना भएको सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, सुदुरपश्चिम प्रदेशले आफ्नो वार्षिक योजनाका माध्यमबाट प्रदेश सरकार तथा स्थानीय तहको कार्यसम्पादनमा सहयोग गर्न क्षमता अभिवृद्धिका विविध कार्यक्रमहरु कार्यान्वयन गर्दै आइरहेको परिप्रेक्ष्यमा प्राप्त उपलब्धिहरुको रक्षा गर्दै नयाँ अवसर र चुनौतिहरुको सम्बोधन गर्दै सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान तथा मातहत निकायलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउँदै क्षमता अभिवृद्धि सम्वन्धी नीति तथा कार्यक्रमको माध्यमबाट प्रदेशवासीहरुको चाहना र आवश्यकतालाई दिगो रुपमा पूरा गर्न सहजीकरण गर्ने दायित्व यस प्रतिष्ठानमा रहेको छ ।

प्रदेश सरकार तथा प्रदेशभित्रका स्थानीय तहको सरकार लगायत मातहतका निकायहरुले सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानबाट राखेको अपेक्षालाई पुरा गर्न हाल सम्म वार्षिक कार्यक्रम मार्फत आफ्ना क्रियाकलापहरु संचालन गर्दै आइरहेकोमा आगामी दिनमा प्रतिष्ठानको दिर्घकालिन सोच (दुरदृष्टी) लक्ष्य, क्षेत्रगत उद्देश्य प्राप्तीको लागि आवश्यक नीति, कार्यक्रमहरुलाई रणनीतिक रुपमा मार्गदर्शन गर्ने पहिलो दश वर्षीय रणनीतिक योजना (Strategic Plann) ले प्रतिष्ठानलाई मार्गदर्शन गर्ने विश्वास लिएको छु । यस रणनीति योजनाले आगामी १० वर्षमा गर्नुपर्ने कार्यलाई मूलतः ६ वटा क्षेत्रमा वर्गीकरण गरी त्यस अन्तर्गतका उद्देश्य हासिल गर्न रणनीति र कार्यनीति तथा आवश्यक बजेट समेतलााई यहाँ प्रस्तुत गरिएको तथा रणनीति र कार्यनीतिहरु सांकेतिक रुपमा रहेका र सोको कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा भएकाले यस योजना प्रभावकारी रहेको आँकलन गरेको छु । कार्ययोजनालाई वार्षिक रुपमा बजेट विनियोजन गरी क्रमशः कार्यान्वयन गरिनेछ । त्यसैले प्रस्तुत रणनीति कार्यान्वयन गर्न सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, संघ तथा प्रदेश सरकार र विकास साझेदार निकाय र विज्ञ एवं प्राज्ञिक संघसंस्थाहरुको समन्वयात्मक सहयोग रहने विश्वास लिएको छु ।

प्रस्तुत रणनीतिक योजना तर्जुमा गर्ने कार्यमा संलग्न प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्का कर्मचारी, प्रतिष्ठानका सवै पदाधिकारी, विज्ञहरु, तथा महत्वपूर्ण सुझाव प्रदान गर्ने सवै व्यक्तित्वहरुमा धन्यवाद गर्दै यसको सफल कार्यान्वयनको शुभेच्छा व्यक्त गर्दछु ।

**आषाढ, ५, २०७९** **त्रिलोचन भट्ट**

# शुभकामना

**प्रमुख सचिव, प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश**

नेपालको संघीयताको मर्मअनुरुप प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनित जनप्रतिनिधि तथा प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारहिरुको क्षमता विकास, सुशासन र सेवा प्रवाहका विविध विषयमा अध्ययन, अनुसन्धान, नीतिगत पैरवी, परामर्श सेवा तथा ज्ञान व्यवस्थापनका लागि स्थापित सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले दशवर्षे रणनीतिक योजना गर्न लागेको थाहा पाउँदा अत्यन्त खुसी लागेको छ ।

सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित नेपालको संघीयतालाई नेपालको संविधानको भावना अनुरुपमा सफल रुपमा कार्यान्व्यिन गर्न क्षमता विकास तथा प्रशिक्षणका माध्यमबाट प्रतिष्ठानले सबै सरोकारवाला निकाय तथा पक्षसँग आपसी सहकार्य, सहयोग र समन्वय अभिवृद्धि गर्नु आवश्यक हुन्छ। यसमा प्रशिक्षण प्रतिष्ठानको भूमिका अग्रणी रहन्छ। सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानअन्तर्गतका निकायलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउँदै क्षमता अभिवृद्धिका नीति तथा कार्यक्रमका माध्यमबाट प्रदेशवासीहरुको चाहना र आवश्यकतालाई दिगो रुपमा पूरा गर्न सहजीकरण गर्ने दायित्व यस प्रतिष्ठानमा रहेको छ ।

सुदुरपश्चिम प्रदेश सरकार अन्तर्गतका निकायहरुले सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानबाट राखेको अपेक्षालाई पुरा गर्न प्रस्तुत पहिलो रणनीतिक योजनाले मार्गदर्शन गर्ने विश्वास लिएको छु । यस रणनीतिक योजनाले आगामी १० वर्षमा गर्नुपर्ने कार्यलाई ६ वटा क्षेत्रमा वर्गीकरण गरी त्यस अन्तर्गतका उद्देश्य हासिल गर्न रणनीति र कार्यनीतिहरुलाई यहाँ प्रस्तुत गरिएको छ । रणनीति र कार्यनीतिहरु सांकेतिक रुपमा रहेका र सोको कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा गरिएको छ । कार्ययोजनालाई वार्षिक रुपमा बजेट विनियोजन गरी क्रमशः कार्यान्वयन गरिनेछ । त्यसैले प्रस्तुत रणनीति कार्यान्वयन गर्न सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, संघीय तथा प्रदेश सरकार र विकास साझेदार निकाय र विज्ञ एवं प्राज्ञिक संघसंस्थाहरुलाई हार्दिक अनुरोध गर्दछु ।

यस कार्यमा विभिन्न रुपमा सहयोग गर्ने सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका कार्यसमिति पदाधिकारी तथा सदस्यहरु र कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । साथै प्रस्तुत रणनीतिक योजनाको पूर्ण र सफल कार्यान्वयनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**आषाढ, ५, २०७९** **रामेश्वर दंगाल**

## शुभकामना

**सचिव(प्रशासन), प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश**

मुलुक सङ्घीय स्वरुपमा रुपान्तरण भइसकेपश्चात अन्तरसरकार समन्वय, प्रदेश सरकार तथा स्थानीय तहको संस्थागत सुदृढिकरण, स्थानीय पूर्वाधार विकास, सार्वजनिक सेवाको व्यवस्थापन, सुशासन र सेवा प्रवाह जस्ता विषयमा प्रशिक्षणको माध्यमबाट सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले वार्षिक योजनाका माध्यमबाट प्रदेश सरकार तथा स्थानीय तहको कार्यसम्पादनमा सहयोग गर्न क्षमता अभिवृद्धिका कार्यक्रमहरु कार्यान्वयन गर्दै आइरहेको छ। प्रतिष्ठानको कार्य दायरामा रहि प्रभावकारी प्रशिक्षण, संस्थागत विकास, अध्ययन अनुसन्धान र परामर्श सेवा, अन्तरसरकारी समन्वय तथा सहकार्य र भौतिक पूर्वाधार विकास गर्दै प्रतिष्ठान ऐन २०७७ ले निर्दिष्ट गरेका प्रावधानहरुको सवल कार्यान्वयन र सार्वजनिक सेवा व्यवस्थापनमा देखा परेका विविध चुनौतिको सामना गर्दै प्राप्त अवसर उपयोगको सुनिश्चितताका लागि प्रतिष्ठानले दश वर्षे रणनीतिक योजना तर्जुमा गरको छ।

यस प्रतिष्ठानले कार्यान्वयन गरेका कार्यक्रम हरुबाट उल्लेखनीय उपलब्धिहरु हासिल भएको तथ्य जगजाहेरै छ। प्राप्त ती उपलब्धिहरुको रक्षा गर्दै नयाँ अवसर र चुनौतिहरुको सम्बोधन गर्दै सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानअन्तर्गतका निकायलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउँदै क्षमता अभिवृद्धिका नीति तथा कार्यक्रमका माध्यमबाट प्रदेशवासीहरुको चाहना र आवश्यकतालाई दिगो रुपमा पूरा गर्न सहजीकरण गर्ने दायित्व यस प्रतिष्ठानमा रहेको छ।

सुदूरपश्चिम  प्रदेश सरकार अन्तर्गतका निकायहरुले सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानबाट राखेको अपेक्षालाई पुरा गर्न प्रस्तुत पहिलो रणनीतिक योजनाले मार्गदर्शन गर्ने विश्वास लिएको छु। यस रणनीतिक योजनाले आगामी १० वर्षमा गर्नुपर्ने कार्यलाई ६ वटा क्षेत्रमा वर्गीकरण गरी त्यस अन्तर्गतका उद्देश्य हासिल गर्न रणनीति र कार्यनीतिहरुलाई यहाँ प्रस्तुत गरिएको छ। रणनीति र कार्यनीतिहरु सांकेतिक रुपमा रहेका र सोको कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा गरिएको छ। कार्ययोजनालाई वार्षिक रुपमा बजेट विनियोजन गरी क्रमशः कार्यान्वयन गरिनेछ। त्यसैले प्रस्तुत रणनीति कार्यान्वयन गर्न सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, संघीय तथा प्रदेश सरकार र विकास साझेदार निकाय र विज्ञ एवं प्राज्ञिक संघसंस्थाहरुलाई हार्दिक अनुरोध गर्दछु।

प्रस्तुत रणनीति तर्जुमा गर्ने कार्यमा सहयोग गर्नुहुने प्रदेश मूख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्राविधिक सहयोग उपलब्ध गराउने क्रियटिभ मल्टीसेक्टर रिसर्च, ट्रेनिङ्ग एण्ड कन्सल्टेन्सि तथा सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका विज्ञहरु सबैलाई विशेष धन्यवाद दिन चाहन्छु। रणनीति तर्जुमाका क्रममा आफ्नो अमूल्य सल्लाह तथा सुझाव प्रदान गर्नुहुने विज्ञ एवं सरोकारवाला निकायहरु प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु। यस कार्यमा विभिन्न रुपमा सहयोग गर्ने सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका कार्यसमिति पदाधिकारी तथा सदस्यहरु र कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। साथै प्रस्तुत रणनीतिक योजनाको सफल कार्यान्वयनको अपेक्षा गरेको छु।

**आषाढ, ५, २०७९** **टुवराज पोखेल**

## शुभकामना

**कार्यकारी निर्देशक, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान**

मुलुक सङ्घीय स्वरुपमा रुपान्तरण भइसकेपश्चात अन्तरसरकार समन्वय, प्रदेश सरकार तथा स्थानीय तहको संस्थागत सुदृढिकरण, स्थानीय पूर्वाधार विकास, सार्वजनिक सेवाको व्यवस्थापन, सुशासन र सेवा प्रवाह जस्ता विषयमा प्रशिक्षणको माध्यमबाट सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले वार्षिक योजनाका माध्यमबाट प्रदेश सरकार तथा स्थानीय तहको कार्यसम्पादनमा सहयोग गर्न क्षमता अभिवृद्धिका कार्यक्रमहरु कार्यान्वयन गर्दै आइरहेको छ। प्रतिष्ठानको कार्य दायरामा रहि प्रभावकारी प्रशिक्षण, संस्थागत विकास, अध्ययन अनुसन्धान र परामर्श सेवा, अन्तरसरकारी समन्वय तथा सहकार्य र भौतिक पूर्वाधार विकास गर्दै प्रतिष्ठान ऐन २०७७ ले निर्दिष्ट गरेका प्रावधानहरुको सवल कार्यान्वयन र सार्वजनिक सेवा व्यवस्थापनमा देखा परेका विविध चुनौतिको सामना गर्दै प्राप्त अवसर उपयोगको सुनिश्चितताका लागि प्रतिष्ठानले दश वर्षे रणनीतिक योजना तर्जुमा गरको छ।

यस प्रतिष्ठानले कार्यान्वयन गरेका कार्यक्रम हरुबाट उल्लेखनीय उपलब्धिहरु हासिल भएको तथ्य जगजाहेरै छ। प्राप्त ती उपलब्धिहरुको रक्षा गर्दै नयाँ अवसर र चुनौतिहरुको सम्बोधन गर्दै सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानअन्तर्गतका निकायलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउँदै क्षमता अभिवृद्धिका नीति तथा कार्यक्रमका माध्यमबाट प्रदेशवासीहरुको चाहना र आवश्यकतालाई दिगो रुपमा पूरा गर्न सहजीकरण गर्ने दायित्व यस प्रतिष्ठानमा रहेको छ।

सुदूरपश्चिम  प्रदेश सरकार अन्तर्गतका निकायहरुले सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानबाट राखेको अपेक्षालाई पुरा गर्न प्रस्तुत पहिलो रणनीतिक योजनाले मार्गदर्शन गर्ने विश्वास लिएको छु। यस रणनीतिक योजनाले आगामी १० वर्षमा गर्नुपर्ने कार्यलाई ६ वटा क्षेत्रमा वर्गीकरण गरी त्यस अन्तर्गतका उद्देश्य हासिल गर्न रणनीति र कार्यनीतिहरुलाई यहाँ प्रस्तुत गरिएको छ। रणनीति र कार्यनीतिहरु सांकेतिक रुपमा रहेका र सोको कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा गरिएको छ। कार्ययोजनालाई वार्षिक रुपमा बजेट विनियोजन गरी क्रमशः कार्यान्वयन गरिनेछ। त्यसैले प्रस्तुत रणनीति कार्यान्वयन गर्न सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, संघीय तथा प्रदेश सरकार र विकास साझेदार निकाय र विज्ञ एवं प्राज्ञिक संघसंस्थाहरुलाई हार्दिक अनुरोध गर्दछु।

प्रस्तुत रणनीति तर्जुमा गर्ने कार्यमा सहयोग गर्नुहुने प्रदेश मूख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्राविधिक सहयोग उपलब्ध गराउने क्रियटिभ मल्टीसेक्टर रिसर्च, ट्रेनिङ्ग एण्ड कन्सल्टेन्सि तथा सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका विज्ञहरु सवैलाई विशेष धन्यवाद दिन चाहन्छु। रणनीति तर्जुमाका क्रममा आफ्नो अमूल्य सल्लाह तथा सुझाव प्रदान गर्नुहुने विज्ञ एवं सरोकारवाला निकायहरु प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु। यस कार्यमा विभिन्न रुपमा सहयोग गर्ने सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका कार्यसमिति पदाधिकारी तथा सदस्यहरु र कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। साथै प्रस्तुत रणनीतिक योजनाको सफल कार्यान्वयनको अपेक्षा गरेको छु।

**आषाढ, ५, २०७९** **पदमराज जोशी**

## योजनाको सारसङ्क्षेप

नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धको लक्ष्य प्राप्तिका लागि सङ्घीयताको पूर्ण कार्यान्वयन र व्यवस्थापन गर्न जरुरी हुन्छ। रणनीतिक योजनाले कुनै पनि संस्थाको आगामी बाटो र गन्तव्य पहिचान गराउँदै संस्थाको लक्ष्य प्राप्तिका लागि सिलसिलेवार रुपमा सम्पादन गरिने कार्यक्रमको मार्गचित्र निर्माण गर्दछ। संस्थाका दीर्घकालीन, मध्यकालीन र वार्षिक क्रियाकलापहरूलाई रणनीतिक योजनाले प्रतिबिम्वित गर्दा संस्थाले संस्थागत विकासमा फड्को मार्ने मात्र नभएर सो संस्थामार्फत सेवा लिने सेवाग्राहीले समेत प्रभावकारी सेवा हासिल गर्ने अवस्था सिर्जना हुन्छ।

प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता विकास, प्रदेश र स्थानीय सरकारका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानहरूको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने मुख्य अभिप्रायले सुदूरपश्चिम सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७८ अन्तर्गत सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो। प्रतिष्ठानले आफ्नो लक्ष्य प्राप्तिमा योजनाबद्ध तरिकाले अगाडि बढ्ने कडीका रुपमा प्रथम रणनैतिक योजना तयार पारेको छ।

प्रदेश सरकार तथा स्थानीय तहको शासकीय क्षमतामा अभिवृद्धि गर्नु योजनाको लक्ष्य हो। सो लक्ष्य प्राप्तिका लागि प्रदेश सरकार तथा स्थानीय तहको कार्यदक्षतामा अभिबृद्धि गर्ने, प्रदेश सरकार तथा स्थानीय तहका कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने, अध्ययन अनुसन्धानका माध्यमबाट प्राप्त ज्ञानको सदुपयोग गरी प्रदेश सरकार तथा स्थानीय तहको कार्यप्रभावकारीता अभिवृद्धिमा सहयोग गर्ने तथा पूर्वाधारयुक्त प्रतिष्ठानको विकास गरी संस्थाका क्रियाकलापको प्रभावकारीता अभिवृद्धि गर्ने उद्देश्य लिएको छ।

योजनाले सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तहका लागि उत्कृष्ट प्रतिष्ठान (Center of Excellence) निर्माण गर्ने दीर्घकालीन सोंचको प्राप्तिका लागि अद्यावधिक र अपग्रेडेड गुणस्तरिय तालिम (Updated and Upgraded Quality Training), समस्या केन्द्रित अर्थपूर्ण अनुसन्धान(Problem Centered Meaningful Research), मुद्दामा आधारित परिणाममूखी अन्तर्क्रिया(Issue based result oriented interation) र मागमा आधारित परामर्श सेवा (Need Based Consulting Service) तथा ज्ञान व्यवस्थापन (Knowledge Management) मार्फत सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी, जनप्रतिनिधि र संस्थाहरूको दक्षता अभिवृद्धिका लागि अद्वितीय सिकाइ अवसर प्रदान गर्ने संस्थागत लक्ष्यको अवलम्बन गरेको छ।

प्रतिष्ठानको प्रथम रणनीतिक योजना (आ.व.२०७९/८०–२०८९/९०) ले मूलतः चार वटा क्षेत्र (१) प्रशिक्षण तथा क्षमता विकास, (२) अध्ययन तथा अनुसन्धान, (३) संस्थागत विकास, र (४) भौतिक पूर्वाधार विकासमा केन्द्रित रही प्राथमिकताका आधारमा कार्यक्रम सञ्चालन गर्ने गरी मार्गचित्र तय गरेका छ। प्रतिष्ठानका क्रियाकलापलाई दुई आर्थिक वर्षलाई एक आधार वर्ष मानी “आधार वर्ष कार्यक्रम” का रुपमा अगाडि बढाउने रणनीति अवलम्वन गरी आ.व. २०७९/८०-२०८०/८१ लाई पूर्वाधार तयारी तथा मजवुतिकरणको वर्ष,,

आ.व. २०८१/८२-२०८२/८३ लाई संस्थागत विकासको वर्ष, आ.व. २०८३/८४-२०८४/८५ लाई कार्यक्रम कार्यान्वयनको वर्ष, आ.व. २०८५/८६-२०८६/८७ लाई समन्वय साझेदारी निर्माणको वर्ष, र आ.व. २०८७/८८-२०८८/८९ लाई दिगोपन र आत्मनिर्भरताको वर्षका रुपमा कार्यान्वयन गर्ने लक्ष्य लिएको छ। योजना अवधिमा विभिन्न कार्यक्रम कार्यान्वयनका लागि कुल २ अरव ८६ करोड ५७ लाख २५ हजार रुपैयाँ बजेट खर्च गर्ने लक्ष्य राखेको छ। कुल बजेट मध्य: (१) प्रशिक्षण तथा क्षमता विकास तथा सिकाइ व्यवस्थापनमा ५६ करोड ९३ लाख ७५ हजार, (२) अध्ययन अनुसन्धान, नीतिगत वकालत, बहस तथा पैरवी, प्राविधिक परामर्श र सहयोगमा ३ करोड ८८ लाख, (३) सेवा प्रवाह, सुशासन र संस्थागत विकासमा ५ करोड ५ लाख ५० हजार, ४) अन्तरसरकारी सम्बन्ध, सहकार्य, समन्वय, संजालीकरण र साझेदारीमा ७० लाख र (५) स्रोत साधनको व्यवस्थापन तथा पूर्वाधार विकासमा २ अर्व २० करोड बजेट खर्च हुने अनुमान छ।

प्रस्तावित कुल रकमको १५ % अनुदान संघिय सरकारबाट, ६० % अनुदान प्रदेश सरकारबाट प्राप्त हुने अनुमान गरिएको छ। त्यसरीनै, ४ % रकम स्थानीय तहसँगको साझेदारीबाट प्राप्त गर्ने प्रस्ताव गरिएको छ भने १ % प्रतिष्ठानको आन्तरिक स्रोत र बाँकी २० % विकास साझेदारहरूबाट व्यवस्थापन गर्ने लक्ष्य लिइएको छ।

यस योजनालाई छ अध्यायमा बाँडिएको छ। पहिलो अध्यायमा परिचय खण्ड जसमा रणनीतिक योजनाको पृष्ठभूमि, योजना निर्माणका नीतिगत तथा कानुनी आधारहरु, रणनीतिक योजनाको आवश्यकता तथा औचित्य, योजना निर्माण विधि, प्रतिष्ठानको योजना तथा कार्यक्रमहरुको समिक्षा, प्रतिष्ठानले हासिल गरेका मूख्य उपलब्धिहरु, प्रतिष्ठानको वर्तमान अवस्था विश्लेषण तथा रणनीतिक सवालहरु उल्लेख गरिएको छ। दोस्रो अध्यायमा प्रतिष्ठानको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, संस्थागत मान्यता समावेश गरिएको छ भने तेस्रो भागमा रणनीतिक योजनाको दीर्घकालिन सोच, ध्येय, लक्ष्य, रणनीतिक उद्देश्य, नारा, योजनाको अपेक्षित उपलब्धि, मूल्यमान्यताहरु, प्रतिष्ठानको प्रमुख कार्यको व्याख्या गरिएको छ। तेस्रों अध्यायमा सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका रणनीतिक योजनाका रणनीतिक उद्धेश्यअनुसारका रणनीति तथा कार्यनीति समावेश गरिएको छ। चौथौ अध्यायमा प्रस्तावित कार्यक्रम र अनुमानित बजेट, बजेट सारांश, बजेटको स्रोत, लाभग्राही विवरणबारे उल्लेख गरिएको छ भने पाँचौं भागमा योजनाको अनुगमन तथा मूल्याङ्कन र छैटौं खण्डमा मानव संसाधन र संस्थागत दिगोपनाका बारेमा उल्लेख गरिएको छ।

GIST of Strategic Business Plan

## विषय सूची


संक्षिप्त शव्दावलीहरुको अर्थ .......... १२

भाग एकः परिचय खण्ड.......... १३

१. सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संक्षिप्त परिचय.......... १३

२ रणनीतिक योजना तर्जुमाको पृष्ठभूमि .......... १५

३. रणनीतिक योजनाका उद्धेश्य .......... १६

४. नीतिगत तथा कानुनी आधारहरु.......... १७

५. रणनीतिक योजनाको आवश्यकता तथा औचित्व.......... १७

६. रणनीतिक योजना तर्जुमा विधि.......... १८

७. सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना पछि बनेका योजना तथा कार्यक्रमहरुको समिक्षा.......... १९

८. सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले हासिल गरेका मूख्य उपलब्धीहरु .......... २१

९. सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको वर्तमान अवस्था (सवल, कमजोर पक्ष, अवसर र चुनौती) विश्लेषण .... २२

१०. रणनीतिक सवालहरु.......... २३

११. सुधारका लागि गर्नु पर्ने पहलहरु.......... २३

१२. हालको अवस्थामा देखिएका सुधार गर्नु पर्ने सवालहरु .......... २४

अध्याय दुईः दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य, उपलब्धी र प्रमुख कार्यहरु.......... २५

१३. दीर्घकालिन सोच.......... २५

१४ ध्येय .......... २५

१५. लक्ष्य .......... २५

१६. रणनीतिक उद्धेश्य.......... २५

१७. नारा.......... २५

१८. अपेक्षित उपलब्धी.......... २५

१९. मूल्यमान्यताहरु.......... २६

२०. प्रतिष्ठानका प्रमुख कार्य.......... २६

भाग तीन .......... २७

सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका रणनीतिक योजना (२०७९/८०-२०८९/९०) .......... २७

२१. रणनैतिक योजनाको विस्तृतिकरण.......... २७

भाग-४ प्रस्तावित कार्यक्रम तथा बजेट.......... ३६

२२. प्रस्तावित कार्यक्रम.......... ३६

२३. अनुमानित बजेट .................... ३६

२४. प्रस्तावित कार्यक्रम र वजेट विवरण .................... ३७

२५. बजेट सारांश .................... ४६

२६. प्रस्तावित बजेटका स्रोत .................... ४७

२७.लाभग्राही विवरण .................... ४९

२८. प्रशिक्षणका विषयवस्तु .................... ५१

भाग-५ योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र जोखिम पहिचान .................... ५२

२९. योजनाको कार्यान्वयन .................... ५२

३०. अनुगमन तथा मूल्याङ्कन .................... ५३

३१. समन्वय .................... ५३

३२. स्रोत व्यवस्थापन .................... ५४

३३. सम्भाव्य जोखिमको पहिचान .................... ५४

भाग-६ मानव संसाधन र संस्थागत दिगोपन .................... ५५

३४. संगठन संरचना .................... ५५

३५ सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कार्य सञ्चालन .................... ५५

३६. मानव संसाधन विकास .................... ५५

३७. संस्थागत दिगोपन र आत्मनिर्भरता .................... ५५

अनुसूची १ः संगठनात्मक संरचना .................... ५६

अनुसूची २ सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कर्मचारी विवरण .................... ५७

अनुसूची ३ : अनुगमन र मूल्यांकन बिधि र संयन्त्र .................... ५८

अनुसूची ४ : रणनीतिक योजना तर्जुमामा सहभागी पदाधिकारी, विज्ञ तथा सरोकारवालाहरुको विवरण .................... ५९

## संक्षिप्त शव्दावलीहरुको अर्थ

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| गा.पा. | गाउँपालिका |
| गा.स. | गाउँसभा |
| प्र.प्र.अ. | प्रमुख प्रशासकीय अधिकृत |
| स.वि.यो | सहभागितात्मक विकास योजना |
| लैससा | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| गै.स.स. | गैर सरकारी संस्था |
| आ.ले.प. | आन्तरिक लेखा परीक्षण |
| आ.यो. | आवधिक योजना |
| का.पा. | कार्यपालिका |
| का.यो. | कार्ययोजना |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| वि.र.यो. | विषयगत रणनैतिक योजना |
| DPR | Detailed Project Report |
| FRAP | Fiduciary Risk Riduction Action Plan |
| HR | Human Resources |
| ISBN | International Standard Book Number |
| ISO | International Organization for Standardication |
| MTEF | Medium Term Expenditure Framework |
| OD | Organizational Development |
| PLGSP | Provincial & Local Government Support Progam |
| PTA | Province Training Academy |
| R&D | Research and Development |
| SOP | Standard Operating Procedure |
| SWOT | Strengths, Weaknesses, Opportunities, & Threats |
| TOR | Terms of References |
| TOT | Training of Trainers |

## भाग एकः परिचय खण्ड

### १. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संक्षिप्त परिचय

संघिय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाले परिकल्पना गरेको संघीय शासन व्यवस्थालाई मुर्तरुप दिन संविधान सभामार्फत घोषित नेपालको संविधानले सम्पूर्ण शासन व्यवस्थालाई सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तका आधारमा संघ, प्रदेश र स्थानीय तह गरी तीन राजनीतिक तहमा विभाजन गरेको छ । तीनै तहको सरकारले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्नु पर्ने कुराको प्रत्याभूति संविधानले नै गरेको छ[1] । नेपालको संविधानको अनुसूची-५ मा संघिय सरकारका ३५ वटा अधिकार सूची, अनुसूची-६ मा प्रदेशका (२१ वटा अधिकार सूची, अनुसूची-७ मा सङ्घ र प्रदेशका २५ वटा साझा अधिकार सूची, अनुसूची-८ मा स्थानीय तहका २२ वटा अधिकार र अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकार सूची निर्धारण गरी बर्तमान संविधानले तीनै तहमा अधिकार सम्पन्न सरकार तथा त्यस अन्तर्गत आवश्यक पर्ने संरचनाहरुकोको स्थापनाका लागि मार्ग प्रशस्त गरिदिएको छ ।

संघ अन्तर्गतका कर्मचारीहरुको क्षमता विकास र कार्यसम्पादनमा सुधार तथा संघीय सरकारका कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएजस्तै सुदूरपश्चिम प्रदेशमा पनि प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिहरूको क्षमता विकास र कार्यसम्पादनमा सुधार, प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजिकरण, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने अभिप्रायले **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७"** वमोजिम एक अविछिन्न उत्तरधिकारवाला, स्वशासित र संगठित संस्थाको रुपमा सुदूरपश्चिम  सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो । नेपालको संविधान २०७२ ले प्रदेश तथा स्थानीय तहहरुलाई प्रदान गरेको जिम्मेवारी तथा अधिकारको प्रयोग गरी आवश्यक कानुन निर्माण गर्ने र प्रभावकारी योजना निर्माण तथा कार्यान्वयन गरी नागरिकहरुलाई चुस्तरुपमा सेवा प्रदान गर्नुपर्ने कुरा अपरिहार्य रहेको छ । विशेषगरी २०७४ सालमा भएको प्रदेश तथा स्थानीय तहको निर्वाचन मार्फत निर्वाचित तथा मनोनित जनप्रतिनिधिहरुलाई नागरिकहरुका अपेक्षा अनुसार नयाँ संरचना, नीति, नियम भित्र रहेर सेवा प्रदान गर्न सोहि अनुसारको ज्ञान र शीपको आवश्यकता पर्दछ । यसका साथै संघबाट प्रदेश तथा स्थानीय तहमा समायोजन भएर आउने कर्मचारी तथा नयां नियुक्त भएका कर्मचारीहरुका लागि पनि प्रभावकारी रुपमा आफ्नो जिम्मेवारीपूरा गर्नका लागि पनि थप ज्ञान र शीपको आवश्यकता पर्दछ । यसै सन्दर्भमा नयाँ ज्ञान सृजना गर्ने, व्यवस्थापन गर्ने र प्रदान गर्ने काममा यस प्रतिष्ठानले महत्वपूर्ण भूमिका खेल्नेछ । यसै परिपेक्षमा प्रदेश तथा स्थानीय तहहरुको संस्थागत तथा मानव स्रोत विकासका लागि संयोजन, तालिमहरु प्रदान तथा सहजीकरण गर्नुका साथै स्तरीय पाठ्यक्रम र सामग्रीहरु निर्माण गर्ने, प्रमाणमा आधारित विषयगतकार्यगत अनुसन्धान गर्ने र संघियता तथा स्थानीय शाससंग सबन्धित सवालहरुमा बहस तथा पैरवी गर्ने "उत्कृष्टताको केन्द्र" (Center of Excellence) को रुपमा यो प्रतिष्ठानले आफ्ना कार्यक्रमहरु संचालन गर्नेछ ।

प्रशिक्षणको प्रभावकारीताका लागि गुणस्तरीय प्रशिक्षण सामग्री र दक्ष प्रशिक्षकको जति महत्व छ, प्रशिक्षण प्रदायक संस्थाहरूको संस्थागत संयन्त्र त्यो भन्दा कम महत्वपूर्ण छैन । प्रशिक्षण सामग्री निर्माण र तिनको

---

[1] नेपालको संविधान, २०७२

समयानुकूल अद्यावधिक गर्ने काममा संस्थागत क्षमताको प्रयोग, अनुसन्धान, खोज, विश्लेषण र बहसहरूका माध्यमबाट राज्यका लागि महत्वपूर्ण नीतिगत सवालहरूको उठान, मानव संसाधन विकासका लागि राज्यका संयन्त्रहरूलाई आवश्यक मापदण्ड निर्माणमा प्राविधिक सहयोग, निजामती तथा स्थानीय सेवामा कार्यरत कर्मचारी र निर्वाचित जनप्रतिनिधिहरूका लागि कार्यसम्पादन सुधारमा योगदान गर्ने गरी आफ्नो संस्थागत संयन्त्रको विकास गर्ने काममा प्रतिष्ठानले योगदान गर्नु पर्नेछ ।

संघीय सरकारको १५औं योजना तथा सुदूरपश्चिम प्रदेश सरकारले सार्वजनिक गरेको प्रथम आवधिक योजनाले परिलक्षित गरेका लक्ष्यलाई साकार पार्न क्षमता विकास, विकास व्यवस्थापन र सुशासन प्रवर्द्धनमा सहजीकरण गर्ने कार्य पनि प्रतिष्ठानको प्राथमिकताका विषय हुन् ।

संविधान सभामार्फत तर्जुमा गरी वि.सं. २०७२ मा जारी गरिएको नेपालको संविधानले प्रदेश तथा स्थानीय सरकारको व्यवस्था गरेको छ। प्रदेश सरकार अन्तर्गत विभिन्न निकाय तथा संस्थाहरु रहने गरी व्यवस्था गरेको छ। संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको छ। संविधानको भाग १७ मा स्थानीय कार्यपालिका, भाग १८ मा स्थानीय व्यवस्थापिका र भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणालीको व्यवस्था रहेको छ। संघ, प्रदेश र स्थानीय तह वीचको अन्तरसम्बन्ध संविधानको भाग २० र धारा २३२ (१) वमोजिम सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनिएको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीको व्यवस्था छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको व्यवस्था रहेको छ। संविधानको धारा ५७ मा अनुसूचीको कार्यान्वयन सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । यसरी संविधानका माथि उल्लिखित प्रावधानका साथै राज्यका निर्देशक सिद्धान्त र नीतिहरुको कार्यान्वयन गर्ने जिम्मेवारी तीनवटै तहका सरकारको हो । फलस्वरुप, स्थानीय तहहरुले यसको अभ्यास गरिरहेका छन् र त्यसक्रममा विभिन्न किसिमका चुनौतिहरु, जटिलताहरु र समस्याहरु आउने गरेका छन् । त्यसलाई कुशलतापूर्वक व्यवस्थापन गरी कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय संस्थागत क्षमता विकास गर्न गर्न तथा सहयोग, समन्वय र सहकार्य गर्न सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको सुदृढिकरण र क्षमता विकास गर्नु अपरिहार्य छ ।

संविधानको व्यवस्था अनुसार विगतका प्रशासनिक संरचना तथा स्थानीय निकायहरुको पुनर्संरचना गरी ७ प्रदेश, ७७ जिल्ला तथा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका गरी कुल ७५३ वटा स्थानीय तहका सरकार निर्माण गरिएको छ। यसक्रममा २९३ वटा स्थानीय नगर सरकार (महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका) र ४६० गाउपालिका (गाउ सरकार) का रुपमा सञ्चालनमा रहेका छन्। सुदुरपश्चिम प्रदेशमा ९ वटा जिल्ला रहेका छन् । १ उपमहानगरपालिका, ३३ नगरपालिका, ५४ गाउँपालिकासहित ८८ वटा स्थानीय सरकारमा निर्वाचित र मनोनीति गरी १० हजार भन्दा बढी जनप्रतिनिधि दोस्रो कार्यकालको सुरुवाती चरणमा छन्। प्रदेशसभा सदस्य ५३ र जिल्ला समन्वय समितिमा झण्डै १०० को हाराहारीमा जनप्रतिनिधि रहेका छन्। सात मन्त्रालय, नीति तथा योजना आयो, मूख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश सरकार अन्तर्गतका प्रतिष्ठानहरु र स्थानीय तहमा ठूलो संख्यामा कर्मचारीले सेवा दिइरहेका छन् । प्रदेशका प्रदेश सरकार, जिल्ला समन्वय, नगर तथा गाउँ सरकारहरुले व्यापक भूगोल, जनसंख्या र आर्थिक क्रियाकलाप समेटेको हुनाले सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कार्यक्षेत्रमा समेत व्यापक विस्तार भएको छ । शहरीकरणसँगै भूमिका थप प्रवलीकरण हुँदै जानेछ । संघीयता कार्यान्वयनसँगै सातवटा प्रदेशहरुले वार्षिक तथा आवधिक योजना तर्जुमा तथा स्वीकृत गरी कार्यान्वयन गरिरहेका छन्। संघीय नीति, मापदण्ड र लक्ष्यसँग आ-आफ्ना प्रदेश योजनाहरुको लक्ष्य तथा स्थानीय सरकारको योजनाको तादात्म्यता कायम गर्दै समृद्ध नेपाल तथा सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्न योगदान पुऱ्याउने वातावरण सिर्जना

गर्न प्रदेशस्तरमा सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको दरिलो उपस्थिति र प्रभावकारी भूमिका निर्वाह गर्न आवश्यक रहेको छ। यस सन्दर्भमा वर्तमान कर्मचारी र निर्वाचित जनप्रतिनिधिको कामलाई सहजीकरण गर्ने, सुदूरपश्चिम प्रदेश सरकारको योजना र प्राथमिकता कार्यान्वयनमा सहयोग गर्ने र नवनिर्वाचित जनप्रतिनिधिको निकट भविष्यमा क्षमता अभिवृद्धि कार्यक्रमहरु तयार गर्ने कार्यलाई प्राथमिकता दिनु आजको आवश्यकता हो।

समग्रमा नेपालको संविधानको व्यवस्था र राज्यको पुनर्संरचना भएको सन्दर्भमा नीतिगत एवं कानुनी व्यवस्थाहरु सकारात्मक भएकाले थप अवसरहरु सिर्जना भएका छन्। यी अवसरलाई सदुपयोग गर्दै आइपर्ने चुनौतिहरुलाई व्यवस्थापन गरी सहजीकरण, सहयोग र समन्वय गर्न सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको भूमिका अहम् एवं अपरिहार्य छ। यस व्यवसायिक/रणनीतिक योजनाले संस्थाको मानवीय, आर्थिक र भौतिक स्रोतसहितको प्रणालीको विकास गर्दै संस्थाको भावी दिशा निर्धारण गर्नेछ र प्रदेश तथा स्थानीय तहमा सञ्चालन हुने प्रशिक्षण र अनुसन्धान कार्यलाई निरन्तर रुपमा संचालन गर्न आवश्यक मापदण्ड तयार गर्नेछ।

**सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको उद्धेश्य**

१. प्रदेश र स्थानीय तहमा निर्वाचित वा मनोनीत पदाधिकारी, प्रदेश र स्थानीय तहअन्तर्गतका निकाय तथा प्रदेश संगठित संस्थामा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण प्रदान गर्ने एवं विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्ने।

२. प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानका कर्मचारीहरुका लागि सेवाकालीन, सेवा प्रवेश र व्यावसायिक ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्ने तालिमहरु प्रदान गर्ने, प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामाग्री तयार गर्नका लागि कार्यमूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने र प्रशिक्षण कार्यक्रमसम्बन्धी अनुसन्धान गर्ने, प्रदेशको विकास कार्यक्रममा सघाउ पुर्याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने र सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको सेवा प्रवाह पद्धतिलाई संस्थागत गर्ने।

**२ रणनीतिक योजना तर्जुमाको पृष्ठभूमि**

सुदुरपश्चिम प्रदेशका स्थानीय, सरकारी र सार्वजनिक निकायहरुमा निर्वाचित, मनोनित तथा नियुक्त गरिएका पदाधिकारी र कर्मचारीहरूको दक्षता, क्षमता, लगनशिलता र प्रभावकारीता विकासका लागि टेवा पुऱ्याउदै, प्रदेश र स्थानीय सरकारबाट संचालित विकास योजनाहरु कार्यान्वयनमा सुलभ, सहज र प्रभावकारी बनाउन प्रदेश तथा स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानहरूको संस्थागत सुधार एवम् शासकीय क्षमतामा प्रभावकारीता बढाउने क्षमता अभिवृद्धि गर्ने अभिप्रायले प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धि व्यवस्था गर्ने बनेको ऐन २०७७ मा प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रमले परिकल्पना गरे अनुरुप स्थापित सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धको लक्ष्य प्राप्तिका लागि रणनीतिक योजनाले संस्थाको गन्तव्यमा सिलसिलेवार मार्गनिर्देशनले दीर्घकालीन, मध्यकालीन र वार्षिक क्रियाकलापहरूलाई रणनीतिक योजनाले संस्थागत विकासमा टेवा दिने मात्र नभई सेवा लिने सेवाग्राहीले समेत सहज, सरल र प्रभावकारी सेवा प्राप्त गर्ने परिवेस सिर्जना गर्न प्रतिष्ठानले निम्न (५) आधारलाई अवलम्बन गरेर भावि योजनालाई संचालन गर्ने नीति लिएकोछ।

१. प्रशिक्षण मार्फत क्षमता विकास

२. अध्ययन तथा अनुसन्धान

३. संस्थागत विकास

४. परामर्श सेवा

५. भौतिक पूर्वाधार विकास

माथि उल्लेखित रणनीतिक अवधारणाबाट प्रदेश सरकार तथा स्थानीय तहको कार्यदक्षतामा गुणस्तरिय परिणाम प्रप्तिका लागि प्रदेश सरकार संगसंगै स्थानीय तहका कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने सरोकार निकायहरुसंग अध्ययन अनुसन्धानका माध्यमबाट प्राप्त ज्ञानको सदुपयोग गरी क्षमता, दक्षता, प्रभावकारीता अभिवृद्धि गर्दै पूर्वाधारयुक्त प्रतिष्ठानको विकास गर्ने लक्ष्य लिएको छ ।

सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७ ले दिएको अधिकारहरुको विधि सम्मत कार्यान्वयन गरी प्रभावकारी प्रतिफलका लागि प्रतिष्ठानको विद्यमान सवल पक्ष र अवसरको वस्तुगत विश्लेषण तथा कमजोर पक्षमा सुधारको खाँका निर्माण, चुनौतिहरुको मूल्याङ्कन र सामाधान गर्ने कार्ययोजना सहित रणनीतिक उद्धेश्य निर्धारण तथा उद्धेश्य प्राप्तिका लागि रणनीतिक कार्ययोजना निर्माण गर्नु पर्ने आवश्यकतालाई मध्यनजर गर्दै सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको वर्तमान स्रोत र साधनको अधिकतम उपयोग गर्दै संस्थागत तथा मानव संसाधन विकास, व्यवस्थापकीय प्रणालीमा सुधार तथा नयाँ र प्रभावकारी कार्यसम्पादनको खोजी गर्दै आगामी कार्यलाई योजनावद्ध ढंगले कार्यान्वयन गर्ने मार्गदर्शनका लाागि पहिलो पाँच वर्षे रणनीतिक योजना (आ.व. २०७९/२०८० देखि २०८३/२०८४ ) तयार गर्न लागिएको हो ।

सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको दीर्घकालीन सोच (दिर्घ लक्ष्य), ध्येय, लक्ष्य उद्धेश्य, नारा, मूल्यमान्यता निर्धारण, अपेक्षित उपलब्धी, प्राप्तीका लागि अवलम्वन गर्नु पर्नै रणनीति, कार्यक्रम सहितको रणनीतिक योजनाका क्षेत्र र कार्यनीतिहरुको तर्जुमा तथा योजनाहरुको कार्यान्वयन कार्ययोजना समेत निर्माण गर्ने प्रयास स्वरुप **प्रदेश प्रतिष्ठानको दश वर्षे रणनीतिक योजना** (Strategic plan) तर्जुमा गर्ने कामका लागि सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक, सम्बन्धित शाखाका विज्ञहरुसँग प्रारम्भिक चरणका अन्तर्क्रिया/संवाद/छलफल, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसँग अर्न्तक्रिया/गोष्ठी तथा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँग अन्तर्क्रिया गरी विभिन्न कागजातहरुको अध्ययन विश्लेषण तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय रुपमा बनेका रणनीतिक योजनाहरुको पूनरावलोकन समेत सम्पन्न गरि यो रणनीति तयार गरिएको छ ।

### ३. रणनीतिक योजनाका उद्धेश्य

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको १० वर्षे व्यावसायिक/रणनीतिक योजनाको प्रमुख उद्देश्यहरु यस प्रकार छन्:

- प्रादेशिक सुशासन केन्द्रको लक्ष्य, प्रथामिकता र प्रतिबद्धताहरु पहिचान गर्न व्यापक परामर्शमा आवश्यकता मुल्यांकन गर्ने,
- प्रादेशिक सुशासन केन्द्रको गर्नु पर्ने कार्यहरु प्रभावकारी रुपमा सम्पन्न गर्न विद्यमान ज्ञान सीप र संस्थागत क्षमताको विश्लेषण गरी आगामी १० वर्षको लागि व्यबसायिक/रणनैतिक योजना तयार गर्ने,
- केन्द्रको प्रगति सूचक तथा समय सीमा सहित संस्थाको लक्ष्य निर्धारण गरी यकिन गर्ने,

- संस्थाको लक्ष्य र प्रथामिकतामा आधारित Capacity Gaps पूरा गर्न (मानविय, वित्तीय र भौतिक) चरणबद्ध कार्यक्रम पहिचान गर्ने,
- सूचकमा आधारित बार्षिक गतिविधिहरु विकास गर्ने, जसको फलस्वरुप रणनैतिक योजना, तालिम र अनुसन्धान नीति र ISO प्रमाणीकरण जस्ता योजनाहरु अगाडी सारी संस्थाको लक्ष्य प्राप्त गर्न सहयोग पुर्याउने,

### ४. नीतिगत तथा कानुनी आधारहरु

(क) "प्रतिष्ठान" भन्नाले सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७ बमोजिम स्थापना भएको सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्झनुपर्छ । यसको अंग्रेजी Sudurpashchim Pradesh Research and Training Academy हुनेछ ।
(ख) "परिषद्" भन्नाले सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७को दफा ७ बमोजिमको अनुसन्धान तथा प्रशिक्षण परिषद् सम्झनपुर्छ ।
(ग) "ऐन" भन्नाले सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७ सम्झनु पर्छ ।
(घ) "समिति" भन्नाले सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७ को दफा ९ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७, प्रदेश सरकारका ऐन, नियम, नीति तथा कार्यक्रम, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान परिषद् र कार्यकारी समितिका निर्णयलगायत उपरोक्त कानूनी व्यवस्थाको पृष्ठभूमीमा प्रतिष्ठानको समग्र काम कर्तव्य र अधिकारलाई विवेचना गर्दा कार्यकारी समितिलाई प्रतिष्ठानको उद्देश्य अनुरुप दिर्घकालिन र रणनीतिक योजना तर्जुमा गर्ने र यस्ता योजनालाई प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा रहेको प्रशिक्षण परिषदमा प्रस्तुत गरी स्विकृत गराउने र कार्यकारी समितिले दिर्घकालिन रणनीतिक योजना खाकाभित्र रही वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था देखिन्छ। प्रतिष्ठानको यहि कानूनी व्यवस्थाको आधारमा प्रतिष्ठानले पहिलो पटक दश वर्षीय रणनीतिक योजना तर्जुमा गरिएको छ ।

## ५. रणनीतिक योजनाको आवश्यकता तथा औचित्व

संविधानसभावाट नेपालको संविधान जारी भएसँगै संघीयता कार्यान्वयनमा गएको छ । संघीयताको व्यवस्थाअनुसार संघीय सरकार, सात वटा प्रदेश सरकार तथा ७ सय ५३ वटा स्थानीय पालिकाहरुले कार्यसम्पादन गरिरहेका छन् । नेपालको प्रशासनीक तथा सार्वजनिक सेवा र प्रदेश तथा स्थानीय तहबाट प्रदान गरिने कार्यहरुलाई जनमूखी ढंगले सम्पन्न गर्न सुदुरपश्चिम प्रदेशमा सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएको छ । सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले विशेषत प्रदेश तथा स्थानीय तहका जननिर्वाचित प्रतिनिधिहरु तथा प्रदेश तथा स्थानीय सरकारअन्तर्गतका कर्मचारीहरुको क्षमता विकास गरी सार्वजनिक प्रशासनलाई लोकतान्त्रिक, नतिजामुखी, प्रतिवद्ध, जनमुखी, सदाचारी क्षमतावान, सुसूचित, उत्प्रेरित, सरल, कुशल एवम् प्रविधिमैत्री बनाउन प्रतिष्ठानको भावी रणनीति तय गरी स्पष्ट रुपमा दीर्घकालीन सोच तय गर्नु आवश्यक देखिएको छ ।

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानमार्फत प्रशासनीक तथा कार्यसम्पादनमा सुधार ल्याउन, सवल र जनमूखी सङ्घीय प्रणालीको परिकल्पनालाई साकार पार्न, व्यावसायिक एवम् सदाचारी सार्वजनिक सेवाको विकास गरी प्रदेश तथा स्थानीय सरकारद्धारा सुशासन प्रर्वद्धन गर्न, स्थानीय तहको सवलीकरण तथा प्रदेश सरकारका विभिन्न निकायहरुवीच समन्वय, सहकार्य एवम् सहयोगका क्षेत्रहरुको पहिचान गरी अन्तरसरकारी सम्बन्धलाई प्रभावकारी तुल्याउन रणनीति तथा कार्यनीति तय गरी कार्यान्वयन गर्न, संघीय सरकार तथा प्रादेशीक सरकारले राखेका दीर्घकालीन लक्ष्य परिपूर्ति गर्न परिष्कृत तथा अद्यावधिक तालिम सञ्चालन गर्न यस सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको रणनीतिक योजना बनाउनुपर्ने आवश्यकता तथा औचित्य रहेको छ । संघीयताको कार्यान्वयनको क्रममा स्थानीय निकायहरुले पहिलो पाँचवर्षे कार्याकाल पूरा गरी स्थानीय निकायको दोस्रो निर्वाचन समेत सफलतापूर्वक सम्पन्न भइ नव निर्वाचित जनप्रतिनिधिहरुले आफ्नो कार्यभार सम्हालिसकेको अवस्थामा सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको समेत संस्थागत विकास गरी स्थानीय निकाय तथा प्रदेश सरकारको सुदृढिकरण तथा क्षमता अभिवृद्धिका लागि समेत सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको रणनीतिक योजना कोशेढुंगा सावित हुने हुनाले रणनीतिक योजनाको आवश्यकता स्वतः पुष्टि हुन्छ ।

## ६. रणनीतिक योजना तर्जुमा विधि

प्रस्तुत रणनीतिक योजना तर्जुमा गर्दा देहाय अनुसारको प्रक्रिया अवलम्बन गरिएको थियो ।

(क) योजना तर्जुमा विधि निर्धाण तथा सान्दर्भिक सूचना तथा सामग्रीको अध्ययन, विश्लेषण

(ख) प्रतिष्ठानका कर्मचारी तथा विज्ञहरुसँगको छलफल

(ग) प्रदेश नीति तथा योजना आयोगसँगको छलफल

(घ) रणनीतिक योजनाको मस्यौदा निर्माण, प्रतिष्ठानमा प्रस्तुति तथा सुझाव संकलन

(च) मस्यौदामा प्रदेश सरकारका मूख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय र विभिन्न मन्त्रालयसँगको छलफल ।

(छ) पृष्ठपोषण र सुझावलाई समेटेर अन्तिम योजना पेस

प्रतिष्ठानको रणनीतिक योजना तर्जुमाको क्रममा परिभाषित गरिएको विधि पद्धति अन्तर्गत देहाय बमोजिमको बमोजिमका क्रियाकलापहरु संचालन गरी सरोकारवाला संस्था तथा व्यक्ति व्यक्तित्वहरुसंग परामर्श गरिएको थियो ।

| क्र.सं. | अध्ययन विधि | ीक्रयाकलाप | सरोकारवाला संस्था वा व्यक्ति |
|---|---|---|---|
| १ | रणनीतिक योजना तर्जुमा विधि निर्धारण । | सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका सम्बन्धित सरोकारवाला पक्षसँग समन्वय गरी रणनीतिक योजना तयारीको विधि निर्धारणका लागि छलफल तथा अन्तर्क्रिया | रणनीतिक योजना तयारी विज्ञटोली, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक तथा विज्ञहरु |
| २ | तथ्यांक संकलन, सान्दर्भिक सूचना तथा सामग्रीको अध्ययन, विश्लेषण | नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश प्रशिक्षण प्रतिठानको चालु आ.व.को योजना, नीति बजेट तथा कार्यक्रम, ऐन कानुनहरुको | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको वेभ साईट, |

| | | | |
|---|---|---|---|
| | | अध्ययन र समिक्षा, प्रश्नावली तयारी, तथ्याङ्क संकलन,छलफल, स्थलगत भ्रमण | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक योजना |
| ३ | मस्यौदा अवधारणा पत्र तयारी तथा प्रारम्भिक परामर्श बैठक | रणनीतिको मस्यौदा अवधारणा तयार गरी सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका सम्बन्धित सरोकारवालासँग भर्चुअल संवाद तथा छलफल | रणनीतिक योजना तयारी विज्ञटोली, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक तथा विज्ञहरु तथा सम्बन्धित सरोकारवाला |
| ४ | प्रारम्भिक मस्यौदामा सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसँग अन्तर्क्रिया र सुझाव संकलन | सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानमा रणनीतिको मस्यौदा प्रस्तुतिकरण र रणनीति तर्जुमा कार्यशाला गोष्ठी, तथ्याङ्क प्रशोधन तथा व्यवस्थापन, विश्लेषण र सुझाव संकलन | रणनीतिक योजना तयारी विज्ञटोली, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक तथा विज्ञहरु तथा सम्बन्धित सरोकारवाला |
| ५ | मस्यौदा सम्बन्धमा विभिन्न चरणमा सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान र प्रदेश मूख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय तथा विज्ञहरुसँग परामर्श | सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानमा रणनीतिको मस्यौदामा मूख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयबाट पृष्ठपोषण प्राप्त | रणनीतिक योजना तयारी विज्ञटोली, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक तथा मूख्यमन्त्री कार्यालयका सम्बन्धित सरोकारवाला |
| ६ | सुझावलाई समेटेर अन्तिम प्रतिवेदन तयारी | सवै पक्षको सुझाव समेटेर अन्तिम प्रतिवेदन पेश | रणनीतिक योजना तयारी विज्ञटोली |

## ७. सुदुरपशिचम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना पछि बनेका योजना तथा कार्यक्रमहरुको समिक्षा

सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७ बमोजिम स्थापना भएपछिको पहिलो आर्थिक वर्ष २०७७/०७८ र आ.व.२०७८/०७९ मा प्रतिष्ठानले आफ्नो कार्यक्षेत्र अनुसारको योजना तथा कार्यक्रमहरुलाई सशक्त र प्रभावकारी रुपमा संचालन गरिरहेको छ ।

**प्रतिष्ठानले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत चालु आ.व. २०७८/०७९ का क्रियाकलापहरु र प्रगतिको अवस्था**

क) सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान परिसर भित्रका पुराना निर्मित संरचनाको मर्मत संभार

ख) प्रतिष्ठानका पदाधिकारी र कर्मचारीको लागि सिकाई आदान-प्रदान तथा अध्ययन भ्रमण

ग) तालिम पाठ्यक्रम/मोड्युल निर्माण (.... सेट)

घ) सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानमा सिकाई सामग्रीहरूको तयारी तथा प्रकाशन ( ब्रोसर, सिकाई सामग्री, वार्षिक प्रतिवेदन, पाठ्यक्रम) (.... वटा)

ङ) डिजीटल ल्याब तथा ज्ञान केन्द्र स्थापनाका लागिउपकरणहरुको व्यवस्थापन

च) सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुर्वाधार निर्माणका लागि बिस्तृत परियोजना प्रतिवेदन तयारी

छ) स्थानीय तहहरूलाई राजस्व सुधार कार्ययोजना तयार गर्न सहयोग (.... वटा स्थानीय तहमा)

ज) स्थानीय तहको क्षमता विकास योजना निर्माण गर्न सहयोग (.... वटा स्थानीय तह)

झ) स्थानीय तहहरूलाई आवधिक योजना तयार गर्न सहयोग (.... वटा स्थानीय तह)

ञ) स्थानीय तहहरूलाई मध्यकालिन खर्च संरचना तयार गर्न सहयोग (.... वटा स्थानीय तह)

ट) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रशिक्षक प्रशिक्षणको पुनर्ताजगि तथा सिकाई आदान-प्रदान ( पुनर्ताजगि तालिम तथा १०९ स्थानीय तहमा फलोअप तथा मूल्यांकनमा सहयोग)

ठ) स्थानिय तहमा वित्तिय सुशासन जोखिम मुल्याङ्कन तथा न्यूनिकरण कार्ययोजना (Fiduciary Risk Reduction Action Plan– FRAP) अभिमुखिकरण तथा मुल्याङ्कन (.... स्थानीय तहमा)

ड) स्थानीय तहहरूलाई सामाजिक जवाफदेहिताका औजारहरूको अभीमूखीकरण तथा कार्यान्वयन गर्न सहयोग, जस्तैः सार्वजनिक लेखाजोखा, सार्वजनिक सुनुवाई, नागरिक सेवा सन्तुष्टि औजारको प्रयोग (.... स्थानीय तह)

ढ) निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुसंग प्रभावकारी सेवा प्रवाह र स्थानीय तहहरूबीच समन्वय, सहकार्य तथा असल अभ्यास बिषयक जिल्ला स्तरीय कार्यशाला ( .... वटा)

ण) स्थानीय तहको लै.स.सा.स.मूलप्रवाहिकरण रणनीति निर्माण र स्थानिय तहबाट पारित गर्ने (.... स्थानीय तह)

त) स्थानीय तहमा लै.स.सा.स. परिक्षण गर्ने (.... स्थानीय तह)

थ) लैंगिक समानता तथा सामाजिक समावेशीकरण/लैंगिक उत्तरदायि बजेट सम्बन्धी अभिमुखीकरण (.... स्थानीय तह)

द) कार्यस्थलमा हुने यौन दुर्व्यावहार र सबै प्रकारका विभेदहरुको रोकथामका लागि आचारसंहिता निर्माण तथा अभिमुखीकरण (.... स्थानीय तह)

ध) लै.उ.ब.मा प्रदेश तथा स्थानिय तहहरुका लागी प्रशिक्षण (TOT) आयोजना गर्ने (.... वटा)

न) स्थानीय तहमा नागरिकको सचेतनाका लागि सूचना, शिक्षा तथा संचार, Public Service Announcement, बृतचित्र जस्ता सामग्रीको उत्पादन तथा प्रचार-प्रसार (.... पटक

प) स्थानीय तहमा सुझाव संकलन तथा गुनासो सुनुवाई सम्वन्धी विधुतीय प्रणालीको निर्माण, उपकरण सहयोग तथा अभिमुखीकरण (.... पटक)

फ) प्रदेशका कर्मचारीहरुलाई कार्यालय व्यवस्थापन तथा सेवा प्रवाह सम्बन्धी तालिम (.... पटक)

ब) प्रदेश स्तरका कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम (.... पटक)

भ) प्रदेश स्तरका कर्मचारीहरूका लागि सेवाकालिन तालिम (.... पटक)

म) प्रदेश तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास आवश्यकता पहिचान

य) स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि प्रभावकारी योजना निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक अभिमूखीकरण तथा तालिम (.... वटा)

र) स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतहरू लागि सूचना तथा संचार प्रविधि सम्वन्धि आवासिय तालिम (.... वटा)

ल) स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि सार्वजनिक वित्त व्यवस्थापन तथा खरिद सम्वन्धि तालिम संचालन (.... वटा)

व) मेलमिलापकर्ता तयार गर्नका लागि ४८ घण्टे प्रशिक्षण कार्यक्रम संचालन

श) न्यायिक समिति, जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरु अवलम्बन सम्वन्धि कार्यशाला आयोजना

ष) स्थानीय तहमा नवनिर्वाचित जनप्रतिनिधिका लागि संवैधानिक प्रावधान र स्थानीय सरकार संचालन ऐन अनुसार भूमिका र जिम्मेवारीबारे अनुशिक्षण (.... स्थानीय तह)

स) वातावरणमैत्री स्थानीय शासनको प्रारुप सम्बन्धी विषयमा अभिमुखीकरण कार्यक्रम संचालन

ह) मध्यकालिन खर्च संरचना (MTEF) विषयमा प्रदेश तहमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम (TOT) सञ्चालन

क्ष) वित्तिय जोखिम न्यूनीकरण कार्ययोजना कार्यान्वयनको लागि प्रशिक्षक प्रशिक्षण (TOT) सञ्चालन

त्र) सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको रणनीतिक योजनाको तयारी

**प्रतिष्ठानले भोग्नुपरेका समस्या तथा चुनौतिहरु**

- बजेट र कार्यक्रम अनुरूप जनशक्तिको अभाव रहेको ।
- पूर्वाधारको अवस्था कमजोर रहेको ।
- बजेट अख्तियारी ढिलो प्राप्त भएको ।
- कार्यक्रमको कुल परिमाण र छोटो समयावधीवीच कार्य सम्पादन गर्न  समस्या ।
- प्रतिष्ठानको तालिम संचालनको छुट्टै कार्यविधिको अभाव ।
- ठेक्का प्रकृया (धेरै समय लाग्ने) Low bidding
- कोभिड तथा निर्वाचनको कारणले योजना अनुसारका प्रतिष्ठानका क्रियाकलाप तथा तालिम/गोष्ठि संचालन गर्न नसकिएको ।

## ८. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले हासिल गरेका मूख्य उपलब्धीहरु

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले आफ्नो स्थापनापछि गरेका कामकारबाही तथा स्थानीय शासनका क्षेत्रमा ऐतिहासिक भूमिका निर्वाह गर्ने क्रममा हासिल भएका मुख्य मुख्य उपलब्धिलाई देहायका बुँदाहरुमा प्रस्तुत गरिएको छ ।

- प्रदेश तथा स्थानीय सरकारको क्षमता विकास तथा ज्ञान, सिप र कलाको विकासका लागि नेतृत्वदायी भूमिका निर्वाह गरी आम रुपमा उक्त विषयलाई लैजाने कार्यमा महत्वपूर्ण उपलब्धि हासिल भएको ।
- स्थानीय स्वायत्त शासनका पक्षमा वकालत गर्ने वौद्धिक जमात तयार भई विभिन्न क्षेत्रबाट यस प्रक्रियालाई संस्थागत गर्न थप ऊर्जा प्राप्त भएको ।
- निर्वाचित जनप्रतिनिधिहरुलाई स्थानीय सरकार सञ्चालनमा तत्कालै सहजीकरण र समन्वय गर्ने संयन्त्र तयार रहेकोले प्रदेश तथा स्थानीय सरकारको सेवा प्रवाह गर्न सहज वातावरण सिर्जना गर्न सफल भएको ।

**प्रशिक्षण गुणस्तर र मापदण्डमा सुधारका लागि पाठ्यक्रम विकास -**

प्रशिक्षणको पाठ्यक्रम तथा प्रशिक्षण सामाग्री तयारी र कार्यतालिका निर्धारण गर्ने कार्य भएको ।

**छोटो अवधिका तालिम / प्रशिक्षण-**

प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको कार्यक्षमता र व्यवसायिकता अभिवृद्धि गर्न आवश्यक तालिम, प्रशिक्षण, कार्यशाला, गोष्ठी, सेमिनार, अन्तरकृया, अनुभव आदान प्रदान तथा यस्तै किसिमका अन्य कार्यक्रम सञ्चालन निरन्तर रुपमा भएको ।

**अध्ययन, अनुसन्धान तथा परामर्श -**

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले संघियता, स्थानीय शासन प्रवर्धन, जनकेन्द्रित विकास, सार्वजनिक सेवा प्रवाहमा नवीनतम सूचना प्रविधिको प्रयोग जस्ता समसामयिक विषयमा अध्ययन अनुसन्धानका साथै आवश्यकता अनुसार सम्वन्धित सरोकारवालाहरुलाई परामर्श सेवा प्रदान गर्ने कार्य गरिरहेको ।

**ज्ञान व्यवस्था -**

सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले विभिन्न विषयका समसामयिक सवालहरुमा छलफल, अन्तरक्रिया आयोजना गरि नीतिगत पृष्ठपोषणका साथै विभिन्न अध्ययन अनुसन्धानवाट प्रकाशित स्रोत सामग्रीहरु, संकलन, प्रकाशन तथा अभिलेखीकरण जस्ता ज्ञान व्यवस्थापन (Knowledge Managemnt) गर्ने कार्यको प्रारम्भ भएको ।

**समन्वय र सहकार्य-**

क्षमता विकास सम्वन्धी कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार, स्थानीय तह, प्रशिक्षण प्रतिष्ठान, निजी क्षेत्र, गैरसरकारी संघ/संस्थासँग समन्वय र सहकार्य गर्ने कार्यमा जोड दिएको ।

**क्षमता विकासको गुणस्तर सुनिश्चितता-**

कार्य क्षेत्र भित्रका क्षमता विकास सम्वन्धि कार्यक्रमको मापदण्ड, गुणस्तर र अनुगमन मुल्याङ्कन गर्ने कार्य गरिरहेको ।

**साझेदारीता-**

सरोकारवाला संघ संस्था, प्रतिष्ठान, विश्व विधालयसँगको सहकार्य र साझेदारीमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिरहेको ।

## ९. सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको वर्तमान अवस्था (सवल, कमजोर पक्ष, अवसर र चुनौती) विश्लेषण

प्रतिष्ठानको विद्यमान अवस्था सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति (SWOT) विश्लेषण देहाय बमोजिम रहेको देखिन्छ ।

| **संस्था भित्रका सवल पक्ष (Strengths)** |
|---|
| • प्रदेश तथा स्थानीय सरकारको विश्वसनीय, प्रतिनिधिमूलक संस्थाका रुपमा स्थापित<br>• सवै क्षेत्रका विज्ञको सन्तुलित प्रतिनिधित्व<br>• संघ, प्रदेश र स्थानीय तहमा संस्थागत आधार विकास ।<br>• प्रतिष्ठानको बढ्दो स्वामित्व र लगानी गर्न तत्परता<br>• व्यावसायिक संस्थाको रुपमा विकसित हुनपर्ने आवश्यकता र माग<br>• प्रतिष्ठानको स्वामित्वमा प्रर्याप्त स्थिर सम्पति<br>• दोस्रो स्थानीय तहको चुनाव सफलतापूर्वक सम्पन्न भइ संघियता कार्यान्वयन प्रभावकारी हुदै गएको । |
| **कमजोर पक्ष (Weakness)** |
| • परिवर्तित सन्दर्भमा आवश्यक विज्ञ जनशक्तिको कमी<br>• जनशक्ति विकास र दिगोपना नहुनु<br>• परिवर्तित भूमिका निर्वाहका लागि अपर्याप्त वित्तीय स्रोत<br>• सरोकारवालाहरुको समान सक्रियता नहुनु<br>• माग र आवश्यकता अनुसारको सेवा र सहयोग पुर्‌याउन नसकिनु<br>• प्रदेश र स्थानीय सरकारको अपर्याप्त समन्वय र सहकार्य |

| |
|---|
| • आफ्नो स्थिर सम्पतिको पूर्ण स्वामित्व ग्रहण गर्न नसकेको, पूर्ण संरक्षण, संवर्द्धन तथा सोको समुचित प्रयोग कम भएको । |

| **अवसर पक्ष (Opportunitis)** |
|---|
| • संघीयता कार्यान्वयनका लागि नेतृत्वदायी भूमिकाको सम्भावना<br>• प्रदेश तथा स्थानीय सरकारको क्षमता विकासका लागि सहजीकरण गर्न सकिने<br>• अन्तरसरकारी सम्बन्ध सुदृढ गर्ने भूमिकाको सम्भावना<br>• क्षमता विकास, प्रशिक्षण र सुशासनको नयाँ आयामको प्रयोग<br>• विकास साझेदारहरु सहकार्यको चाहना र प्राथमिकता<br>• संघ, प्रदेश र अन्तर्राष्ट्रिय अनुदानका कारण वित्तीय व्यवस्थापनमा टेवा पुगेको<br>• प्रशिक्षण, अध्ययन अनुसन्धान र प्रभावकारी सेवा प्रवाहबाट प्रदेश तथा स्थानीय सरकारको सुदृढिकरणको सम्भावना<br>• स्थिर सम्पतिको पूर्णतम प्रयोग गरी प्रतिष्ठानलाई आत्मनिर्भर बनाउने सकिने<br>• राष्टिय, क्षेत्रिय तथा अन्तराष्टिय संस्थासँग विस्तारित संजाल र सम्बन्ध |
| **चुनौति पक्ष (Threats)** |
| • राजनीतिक प्रतिनिधि र कर्मचारीतन्त्रमा कायम पूरानो मानसिकता र सोच<br>• प्रदेश तथा स्थानीय तहमा काम गर्ने पर्याप्त विकास साझेदारहरुको कमी<br>• स्थानीय तह पुनर्संरचना हुँदा प्राप्त अधिकारको प्रयोगमा न्यून क्षमता<br>• संघ, प्रदेश तहमा केन्द्रीकृत सोंच र व्यवहारको निरन्तरता<br>• स्रोत साधनको अपर्याप्तता<br>• सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका कार्यक्रमहरु बैदेशिक सहयोगमा निर्भर रहेकाले दातृ संस्थाको सहयोग पछि राज्यले निरन्तरता दिने वा नदिने अथवा आफ्नो स्रोतले धान्ने नधान्ने । |

## १०. रणनीतिक सवालहरु

नेपालमा नयाँ संविधान २०७२ जारी भएपछि प्रदेश तथा स्थानीय सरकारको कार्य तथा अधिकार क्षेत्र, वित्तीय स्रोत, प्रशासनिक संरचना सवैमा परिवर्तन भएको छ । गाउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाहरुको संख्या, ओगटेको क्षेत्रफल, जनसंख्यामा समेत व्यापक रुपमा वृद्धि भएको छ। पहिलाको संरचनामा एउटा सरकारसँग समन्वय र सम्बन्ध राख्दा पुग्दथ्यो भने अहिले वहु तहका सरकार, वहु विषयक मन्त्रालय तथा निकायहरुसँग समन्वय गर्नुपर्ने भएको छ। स्थानीय सरकार सञ्चालनका लागि नीति बनाउनुपर्ने, कानून बनाउनुपर्ने, मापदण्ड, सूचक, नमूना, सूचकमा आधारित अनुगमन प्रणाली, कार्यक्षमता तथा दक्षता अभिवृद्धि जस्ता पक्षहरुमा स्थानीय तहहरुको फरक क्षमता रहेको छ । सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना पश्चात प्रदेश तथा स्थानीय सरकारको क्षमता विकास, संस्थागत विकास, अध्ययन, अनुसन्धान र परामर्श सेवाको अभ्यास गरिरहेको अवस्था छ ।
माथि उल्लेखित संरचनाहरुमा सरलता, सहजता ल्याउनका लागि प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापनाले प्रदेश तथा स्थानीय सरकारको दक्षता, क्षमता र संस्थागत विकास लगायत अध्ययन, अनुसन्धान र परामर्श सेवाका सवालहरु सवलिकरण गर्न मेरुडण्ड बन्न सक्नेछ ।

## ११. सुधारका लागि गर्नु पर्ने पहलहरु

- प्रशिक्षण गुणस्तर र मापदण्डमा सुधार

- अध्ययन तथा अनुसन्धानात्मक कार्य प्रर्वद्धन
- परामर्श सेवा प्रक्रियामा सुधार
- प्राज्ञिक तथा परिणाममूखी र समायानुकुल कार्यक्रमको तर्जुमा र कार्यान्यिन
- कर्मचारीहरुमा ज्ञान, सीप, व्यावसायिकता र क्षमता विकास
- पूर्वाधारको विकास
- सेवाप्रवाहमा कुशलता र सुदृढिकरण
- कार्यसम्पादनमा सुधार, संस्थागत रुपान्तरण र परिणाम प्रर्वद्धन
- स्रोत व्यवस्थापन

## १२. हालको अवस्थामा देखिएका सुधार गर्नु पर्ने सवालहरु

१. सूचना, समन्वयको क्षेत्रमाः

तीनै तहका सरकार र सरोकारवालाहरु वीच समन्वय, सञ्जाल विस्तार र सूचनामा पहुँच तथा अद्यावधीकरणको कमी ।

२. सहकार्य, साझेदारीको क्षेत्रमाः

प्रदेश तथा स्थानीय तहवीच क्षमता विकासका लागि साझेदारीको क्षेत्र पहिचान तथा सहकार्य प्रभावकारी नहुनु ।

३. गुणस्तर र मापदण्डको क्षेत्रमाः

प्रदेश तथा स्थानीय सरकारको प्रभावकारी कार्यसम्पादनका निमित्त प्राविधिक परामर्शको गुणस्तर, नर्म्स, मापदण्ड र नमूना विधिमा एकरुपता नहुनु ।

४. क्षमता विकासको क्षेत्रमाः

प्रदेश तथा स्थानीय सरकारलाई प्राप्त अधिकारको कार्यान्वयनका लागि पर्याप्त क्षमता र तत्परता नहुनु ।

५. क्षमता विकासमा न्यून प्राथमिकता

स्थानीय सरकारको क्षमता अभिवृद्धि (नीति निर्माण, मानव संसाधन, वित्तीय स्रोत, संगठन संरचना, प्रविधि, सीप) गर्न संघ र प्रदेशको न्यून प्राथमिकता ।

६. दृष्टान्त

तथ्यमा आधारित पैरवी र नवप्रवर्तन (Innovation) का लागि अध्ययन, अनुसन्धान, अभिलेखीकरण र प्रयोगको अभ्यास कमजोर हुनु ।

७. अन्तरसम्बन्ध

अध्ययन, अनुसन्धान र विकासका योजना वीच परिपुरक सम्बन्ध नहुनु ।

## भाग दुई: दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य, उपलब्धी र प्रमुख कार्यहरु

प्रदेश र स्थानीय तहका सरकारी निकाय र संस्थानहरूमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूका लागि क्षमता अभिवृद्धि गर्ने सम्बन्धी प्रशिक्षणको व्यवस्था गर्न सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो। यसका दीर्घकालीन लक्ष्य र उद्देश्य देहायबमोजिम छन् :

**१३. दीर्घकालिन सोच**

गुणस्तरिय प्रशिक्षण, अध्ययन-अनुसन्धान, संवाद, परामर्श, प्रविधिमैत्री कार्यसम्पादन र ज्ञान व्यवस्थापन गर्ने उत्कृष्ट प्रतिष्ठान (Centre of Excellence)।

**१४ ध्येय**

सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी, जनप्रतिनिधि र संस्थाहरूको दक्षता अभिवृद्धि, कार्यसम्पादनमा सुधार र व्यवहार परिवर्तनका लागि अद्वितीय सिकाइ अवसर प्रदान गर्ने।

**१५. लक्ष्य**

उत्कृष्ट प्रादेशिक अध्ययन, अनुसन्धान र प्रशिक्षण केन्द्रको रुपमा विकास भएको हुनेछ।

**१६. रणनीतिक उद्धेश्य (Objectives)**

सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐनको परिच्छेद २ को दफा ३ बमोजिमको उद्देश्यहरुको परिधिभित्र रही प्रस्तुत रणनीतिक योजनाका उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

१. संस्थागत **क्षमता अभिवृद्धि (Capacity Enhancement)**, गुणस्तरिय **प्रशिक्षण तथा सिकाइ व्यवस्थापन** गर्ने गराउने। (१)

२. सुशासन, विकास र सेवा प्रवाहका समसामयिक सवालहरुमा संवाद, **अध्ययन र अनुसन्धान** गर्ने। (२)

३. प्रदेश तथा स्थानीय सरकारलाई आवश्यक विषयमा **प्राविधिक परामर्श र विशेषज्ञ** सेवा प्रदान गर्ने। (३)

४. **अन्तर सरकारी समन्वय, सञ्जालीकरण,** साझेदारी र सहकार्य प्रवर्द्धन गर्ने। (४)

५. समग्र **मानव संसाधन विकास** गर्ने। (५)

**१७. नारा (Slogan)**

**गुणस्तरिय प्रशिक्षण र अनुसन्धानका लागि उत्कृट्ट प्रतिष्ठान।**

**१८. अपेक्षित उपलब्धी (Expected outcomes)**

१. सुशासन, विकास र सेवा प्रवाहका क्षेत्रहरुमा अध्ययन, अनुसन्धान र क्षमता अभिवृद्धिमा निरन्तरता भएको हुनेछ।

२. उल्लेखित विषयलाई प्रभावकारी बनाउन अन्तर सरकारी सम्बन्ध, समन्वय, सञ्जालीकरण, साझेदारी र सहकार्य प्रवर्द्धन भएको हुनेछ।

३. प्रशिक्षण प्रतिष्ठानको सशक्तिकरण र क्षमता विकासका लागि स्रोत व्यवस्थापन, मानव संसाधन, संरचनाको सुदृढीकरण भएको हुनेछ।

४. प्रदेश तथा स्थानीय सरकारको आवश्यकता अनुरुप विषयगत प्रसाशनिक तथा प्राविधिक परामर्श र विशेषज्ञ सेवा प्रदान भएको हुनेछ ।

५. प्रदेश तथा स्थानीय तहको सेवा प्रणाली सुधारका लागि संस्थागत क्षमता बढाई आवश्यक सीप र दक्षता अभिवृद्धि भइ आधारभूत सेवा, सुविधा सहज तवरबाट प्रवाह गर्न सक्षम हुनेछन् ।

६. संविधान तथा कानून प्रदत्त अधिकारको विधिसम्मत र कुशलतापूर्वक कार्यान्वयन भएको हुनेछ ।

७) प्रदेश तथा स्थानीय सरकारहरुको संयन्त्रहरुमा क्षमता अभिवृद्धि भई वातावरण, पर्यावरण संगसंगै आर्थिक, सामाजिक र भौतिक विकास र व्यवस्थापन गर्न सक्षम हुनेछन् ।

**१९. मूल्यमान्यताहरु (Values)**

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले निम्न उल्लेखित मूल्य-मान्यताहरुलाई अवलम्बन गरिनेछ ।
गुणस्तरियता(Excellence), व्यावसायिकता (Professionalism), जवाफदेहिता(Accountability) साझेदारीता(Partnership), सुशासन(Good Governance), सशक्तिकरण(Empowerment), र रुपान्तरण(Transformation) ।

**२०. प्रतिष्ठानका प्रमुख कार्य**

- अद्यावधिक र परिष्कृत प्रशिक्षण (Udated and Upgraded Training)
- समस्याकेन्द्रित अनुसन्धान र विकास (Problem Centered Research and Developement)
- सवाल केन्द्रीत संवाद (Issue Based Dialogue)
- आवश्यकता आधारित परामर्श सेवा (Need Based Consulting Service)
- प्रविधिमैत्री प्रशासन (Technofriendly Administration)
- ज्ञान व्यवस्थापन (Knoledge Management)
- समन्वय तथा सहकार्य (Coordination and Coperation)

## भाग तीन सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका रणनीतिक योजना (२०७९/८०-२०८९/९०)

### २१. रणनैतिक योजनाको विस्तृतिकरण

| रणनीतिक स्तम्भ १-प्रशिक्षण, क्षमता विकास तथा सिकाइ व्यवस्थापन | | | | |
|---|---|---|---|---|
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
| १.प्रदेश तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारी तथा कार्यरत कर्मचारीको क्षमता विकासका लागि व्यवहारिक प्रशिक्षण सञ्चालन, क्षमता विकास तथा सिकाइ व्यवस्थपन गर्ने गराउने । | १.१ प्रशिक्षण तथा क्षमता विकास कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादन स्तर वृद्धि, प्रतिस्पर्धात्मक र गुणस्तरीय जनशक्ति विकासको माध्यम बनाउने । | १.१.१ प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिमका आवश्यकता पहिचान गर्ने ।<br>१.१.२ क्षमता विकास तालिमका लागि तालिम सामग्रीको निर्माण गर्ने ।<br>१.१.३ आवश्यकता पहिचानका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>१.१.४ तालिम कार्यक्रमको प्रभावकारी प्रयोगका लागि फलोअप, कार्यस्थलको सहयोग, अनुगमन गर्ने ।<br>१.१.५ तालिम कार्यक्रमको मूल्याङ्कन गर्ने । | १. प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिमका आवश्यकता पहिचान सम्बन्धी अध्ययन ।<br>२. तालिम सामग्रीको निर्माण ।<br>३. स्थानीय तहका पदाधिकारीको क्षमता विकास तालिम ।<br>४. प्रदेश सभाका सदस्यको क्षमता विकास तालिम ।<br>५. प्रदेश सरकारका पदाधिकारीको क्षमता विकास तालिम<br>६. मनोनित र नियुक्त पदाधिकारीको क्षमता विकास तालिम | १. प्रदेश तथा स्थानीय सरकार र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको तालिम आवश्यकता पहिचान भएको हुने ।<br>२. तालिम सामग्री निर्माण भएको हुने ।<br>३. प्रदेश तथा स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिम सञ्चालन भएका हुने ।<br>४. तालिम कार्यक्रमको प्रभावकारी प्रयोगको सुनिश्चितताका लागि |

| | | | | |
|---|---|---|---|---|
| | | १.१.६ प्रशिक्षण तथा सिकाई व्यवस्थापनमा प्रविधिको अधिकतम उपयोग गर्ने । | ७. तालिमको फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन ।<br>८. तालिम कार्यक्रमको मूल्याङ्कन ।<br>९.प्रशिक्षणको अनलाईन कोर्सको निर्माण तथा सिकाई व्यवस्थापनमा डिजिटलाइजेशन, E–Library को निर्माण । | फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन भएको हुने ।<br>५. तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन भएको हुने ।<br>६. अनलाईन कोर्षको विकास तथा सिकाई व्यवस्थापनमा डिजिटलाइजेशन, E–Library को निर्माण भएको हुने । |
| | १.२ प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा विकास गर्ने । | १.२.१ कर्मचारीको क्षमता विकासका लागि तालिम आवश्यकताको पहिचान गर्ने ।<br>१.२.२ क्षमता विकास तालिमका तालिम सामग्रीको निर्माण गर्ने ।<br>१.२.३ क्षमता विकास आवश्यकता पहिचानका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्ने । | १. कर्मचारीको क्षमता विकासका लागि तालिम आवश्यकताको पहिचान सम्बन्धी अध्ययन ।<br>२. तालिम सामग्रीको निर्माण ।<br>३. तालिम पाठ्यक्रम निर्माण ।<br>४. सहायक स्तरका कर्मचारीको सेवा प्रवेश तालिम ।<br>५. सहायक स्तरका कर्मचारीको सेवाकालीन तालिम । | १. प्रदेश तथा स्थानीय तहका सहायक तथा अधिकृत स्तरका कर्मचारीहरूका तालिम आवश्यकता पहिचान भएको हुने ।<br>२. तालिम सामग्री निर्माण भएका हुने ।<br>३. प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि तालिम सञ्चालन भएका हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | १.२.४ तालिम कार्यक्रमको प्रभावकारी प्रयोगका लागि फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन गर्ने ।<br>१.२.५ तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने । | ६. सहायक स्तरका कर्मचारीको क्षमता विकास तालिम ।<br>७. अधिकृत स्तरका कर्मचारीको सेवा प्रवेश तालिम ।<br>८. अधिकृत स्तरका कर्मचारीको सेवाकालीन तालिम ।<br>९.अधिकृत स्तरका कर्मचारीको क्षमता विकास तालिम ।<br>१०. तालिमको फलोअप, कार्यस्थलमा सहयोग र<br>११. तालिम कार्यक्रमको मूल्याङ्कन । | ४. तालिम कार्यक्रमको प्रभावकारी प्रयोगको सुनिश्चितताका लागि कार्यस्थलमा सहयोग र अनुगमन भएको हुने ।<br>५. तालिम कार्यक्रमको प्रभाबकारिता मूल्याङ्कन भएको हुने । |
| **रणनीतिक स्तम्भ-२ अध्ययन अनुसन्धान, नीतिगत पैरवी, प्राविधिक परामर्श र सहयोग** | | | | |
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
| २. प्रदेश सरकार तथा स्थानीय तहका कार्य सम्पादन अभिवृद्धि गर्न क्षमता विकास सम्बन्धी अध्ययन तथा अनुसन्धान, नीतिगत वकालत तथा | २.१ प्रतिष्ठानअन्तर्गत प्राज्ञिक तथा अनुसन्धान संस्था र विज्ञहरुको रोष्टर तयारी गरी अध्ययन, अनुसन्धान, बहस,पैरवीमा परिचालन गर्ने । | २.१.१ प्रतिष्ठानमा अध्ययन, अनुसन्धान, अन्वेषण र प्रयोगका लागि एक संरचनागत व्यवस्था गर्ने ।<br>२.२.१ समस्या केन्द्रित अध्ययन अनुसन्धान गर्ने । | १. R & D Desk स्थापना गर्ने ।<br>२. क्षमता बृद्धि सम्बन्धी समस्या केन्द्रित अध्ययन अनुसन्धान ।<br>२. राष्ट्रियस्तरका अनुभव आदान प्रदान गोष्ठी | १. R & D Desk स्थापना भएको हुने ।<br>मुद्दा तथा समस्या केन्द्रित अनुसन्धान भएको हुने । |

| | | | | |
|---|---|---|---|---|
| पैरवी, प्राविधिक परामर्श र सहयोग गर्ने । | २.२ अध्ययन तथा अनुसन्धानलाई नयाँ ज्ञानको सिर्जना र भइरहेको ज्ञान परिस्कृत गर्ने पद्धतिको रुपमा विकास गर्ने । | २.२.२ अध्ययन अनुसन्धान सम्बन्धी अनुभव आदान प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी आयोजना गर्ने ।<br>२.१.३ अनुसन्धानका प्रतिवेदन प्रकाशित गर्ने । | ३. अन्तर्राष्ट्रिय स्तरका अनुभव आदान प्रदान गोष्ठी ।<br>४. अध्ययन अनुसन्धान, र गोष्ठीका प्रतिवेदन प्रकाशन । | २. राष्टियृ तथा अन्तर्राष्ट्रिय स्तरका अनुभव आदान प्रदान गोष्ठी आयोजना भएका हुने ।<br>३. अध्ययन अनुसन्धान, र गोष्ठीका प्रतिवेदन प्रकाशन भएका हुने । |
| | २.३ अध्ययन तथा अनुसन्धानलाई प्रदेश सरकार र स्थानीय तहका नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउने माध्यमको रुपमा विकास गर्ने । | २.३.१ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका गोष्ठीबाट आएका अनुभवले नीति तथा कार्यक्रममा पृष्ठपोषण गर्ने पद्धतिको विकास गर्ने । | १. अध्ययन तथा अनुसन्धानबाट आएका नतिजाबारे छलफल ।<br>२. अध्ययन तथा अनुसन्धानबाट आएका नतिजा नीति तथा कार्यक्रम तर्जुमामा उपयोग । | १. अध्ययन तथा अनुसन्धानका नतिजाबारे छलफल भएका हुने ।<br>२ं अध्ययन तथा अनुसन्धानबाट आएका नतिजा नीति तथा कार्यक्रम तर्जुमामा उपयोग भएको हुने । |
| ३. प्रतिष्ठानलाई उत्कृष्ट तालिम केन्द्रको रुपमा विकास गर्ने । | ३.१ प्रतिष्ठानको संगठन संरचना निर्माण गरी मानव संसाधनको विकास गर्ने । | ३.१.१ प्रतिष्ठानमा उत्कृष्ट प्रशिक्षकद्वारा पठन पाठन र अध्ययन तथा अनुसन्धान गर्ने । | १. संगठन तथा व्यवस्थापन सर्वेक्षण ।<br>२. उत्कृष्ट प्रशिक्षक तथा कर्मचारीको पदपुर्ति ।<br>३. प्रशिक्षक तथा कर्मचारीको अभिमुखीकरण<br>र क्षमता विकास । | १. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार भएको हुने ।<br>२. प्रतिष्ठानमा उत्कृष्ट जनशक्तिको पदपुर्ति भएको हुने ।<br>३. प्रशिक्षक तथा कर्मचारीको क्षमता विकास भएको हुने । |
| | | | | |

| रणनीतिक स्तम्भ-३ सेवा प्रवाह, सुशासन र संस्थागत विकास | | | | |
|---|---|---|---|---|
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
| ४. प्रतिष्ठानको संस्थागत क्षमता वृद्धि गरी प्रदेश तथा स्थानीय सरकारको प्रभावकारी कार्यसम्पादन, क्षमता अभिवृद्धि, सेवा प्रवाहमा सुधार, सुशासनको प्रत्याभुति र संस्थागत क्षमता वृद्धि गर्ने । | १.१ सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संस्थागत विकास र प्रभावकारिता अभिवृद्धि गर्ने ।<br>१.२ प्रदेश तथा स्थानीय सरकारअन्तर्गत निर्वाचित जनप्रतिनिधि र कर्मचारीको संस्थागत र कार्यगत क्षमता अभिवृद्धि गर्ने ।<br>१.३ प्रदेश तथा स्थानीय तहअन्तर्गत विभिन्न विषयमा ज्ञान, सीप र दक्षता विकासका लागि संघ र प्रदेशसँग समन्वय गरी सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संस्थागत सुदृढीकरण गर्ने ।<br>१.४ सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको सेवा प्रणालीमा सुधारका लागि संस्थागत क्षमता बढाइ आवश्यक सीप र दक्षता अभिवृद्धि गर्ने । | १. सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संस्थागत, प्राविधिक र वित्तीय क्षमता अभिवृद्धिका लागि सक्षम र व्यावसायिक संस्थाको रुपमा विकास गरिनेछ ।<br>२. प्रतिष्ठानले गर्ने क्षमता विकासका क्षेत्रहहरमा लैंगिक समानता तथा सामाजिक समावेशीरण लाई अन्तरसंवन्धित विषयको रुपमा स्थापित गरी सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानमा लैंगिक समानता तथा समाजिक समावेशीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. प्रतिष्ठान व्यवस्थापन र सञ्चालनका लागि आवश्यक पर्ने ज्ञान, सीप ( नीति निर्माण, स्रोत व्यवस्थापन, कानून तर्जुमा र परिपालना, खरिद व्यवस्थापन, पारदर्शिता, जवाफदेहिता, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन आदि) र क्षमता वृद्धिका क्षेत्र पहिचान गरी क्षमता अभिवृद्धि र उपयोग गरिनेछ ।<br>४. सूचना प्रविधि र ज्ञानका क्षेत्रमा उपयुक्त हुने विषयहरु अवलम्वन | १. सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको सशक्तिकरण, सवलीकरण र दीर्घकालिन क्षमता विकासका लागि **१० वर्षे भिजन पेपर तथा विजनेस प्लान** तयार गर्ने ।<br>२. सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संस्थागत क्षमता वृद्धिका लागि आ.व. २०७९/२०८० भित्र ५ वर्षे **विस्तृत क्षमता विकास योजना** तयारी गरिनेछ ।<br>३. सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको दर्ता तथा मनोनयन प्रणालीलाई **२ वर्षभित्र पूर्ण अनलाईन** बनाइनेछ तथा सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको समग्र डिजिटलाइजेशनका लागि आ.व. २०८०/८१ भित्र अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको छुट्टै **Application** निर्माण गरी संचालन गरिनेछ ।<br>४. प्रदेश तथा स्थानीय तहलाई प्राप्त अधिकारको प्रयोग गर्न आवश्यक पर्ने विभिन्न विषयका सीप र दक्षता विकासका लागि प्रशिक्षणका मोडुलहरु निर्माण तथा उपयोग गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| | १.५ प्रतिष्ठानको दैनिक कार्यसम्पादन तथा कार्यालयीय प्रणालीलाई डिजिटलाइज गरी प्रविधिको उच्चतम प्रयोग गर्ने । | गर्न सहजीकरण गरी सेवा प्रवाहसँग आवद्ध गर्न सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानलाई प्रेरीत गरिनेछ ।<br>५. सार्वजनिक निजी साझेदारी, स्रोत परिचालन र स्थानीय आर्थिक विकासका लागि क्षमता अभिवृद्धि र सहजीकरण गरिनेछ ।<br>६. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको क्षमता अभिवृद्धिमा संघीय सरकार, प्रदेश सरकार र विशिष्टीकृत, प्राज्ञिक, अन्तराष्ट्रिय तथा गैरसरकारी निकायसँग साझेदारी गरी ज्ञान र सीप वृद्धिका नमूना तयार (Product development) गरी उपलब्ध गराइनेछ ।<br>७. प्रदेश तथा स्थानीय सरकारका जनप्रतिनिधि तथा कर्मचारीलाई अग्रगामी, अनुकरणीय र उदाहरणात्मक नवप्रवर्तन र विकासको अगुवाई गर्न सक्ने अगुवा/प्रबर्द्धकको रुपमा नेतृत्व प्रदान गर्ने क्षमता विकास गर्ने । | ५. प्रतिष्ठानद्धारा प्रदान गरिने तालिम सेवाहरु, निर्माण गरिएका प्रशिक्षण सामग्रीहरु तथा उत्पादित प्रशिक्षकहरुको व्यापक ब्राण्डिङ तथा बजारीकरण गर्ने ।<br>६. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानलाई प्रविधिमैत्री बनाइ संस्थागत डिजिटलाइजेशनका प्रभावकारी डिजिटल साधन तथा प्रणालीहरुको विकास र प्रयोग गर्ने ।<br>७. विविध विषयका विज्ञहरुको सूची तयार गरी मागका आधारमा परिचालनको व्यवस्था<br>८. प्रतिष्ठानद्धारा प्रदान गरिने सेवा प्रवाह मोडेल (स-शुल्क सेवा तथा निःशुल्क सेवा तयार गरी लागू गर्ने । | |
| **रणनीतिक स्तम्भ-४ अन्तरसरकारी सम्बन्ध, सहकार्य, समन्वय, संजालीकरण र साझेदारी** | | | | |
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |

| | | | | |
|---|---|---|---|---|
| ५. सुशासन, विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन **अन्तर सरकारी सम्बन्ध, समन्वय, सञ्जालीकरण, द्धि-पक्षिय-बहुपक्षिय साझेदारी** तथा देश भित्र तथा बाहिरका **विश्वविद्यालय, प्रतिष्ठान तथा संघसंस्था**हरुसँग सहकार्य प्रवर्द्धन गर्ने । | ५.१ प्रदेश सरकार, स्थानीय सरकार, सरोकारवाला निकायसँग सूचना संकलन, विश्लेषण र आदान प्रदानका लागि सहकार्य गर्ने ।<br>५.२ नेपाल प्रशासनीक प्रशिक्षण प्रतिष्ठान, अन्य प्रदेशका प्रशिक्षण तथा सुशासन केन्द्र, राष्ट्रिय, अन्तराष्ट्रिय तथा क्षेत्रिय संघसंस्था, देश भित्र तथा बाहिरका विश्वविद्यालय, प्रतिष्ठान तथा संघसंस्था र संजालसँग पारस्परिक सहयोगका आधारमा सम्बन्ध विस्तार गर्ने ।<br>५.३ सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसँग सम्बन्धित साझेदारीका क्षेत्रहरु पहिचान गरी उपयुक्त साझेदारसँग सहकार्य गर्ने ।<br>५.४ संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकारवीच निरन्तर संवाद, अन्तरक्रिया र | १. प्रादेशिक तथा स्थानीय तहमा सूचना केन्द्रहरुको स्थापना र सुदृढीकरण एवं सूचना प्रणाली व्यवस्थापन विकास गरी तथ्यांकीय आधार र अद्यावधिक सूचना व्यवस्थापन तथा प्रकाशन गर्न सूचना प्रविधिको उच्चतम प्रयोग गरी छिटो छरितो सेवा प्रवाह गरिनेछ ।<br>२. प्रतिष्ठानको कार्यसम्पादन, उपलब्धि र समस्याका सम्बन्धमा प्रदेश सरकार, सरोकारवाला निकायसँग सहकार्य गर्ने ।<br>३. कार्यसम्पादनको उत्तम अभ्यास, सेवा प्रवाह, स्रोत परिचालन र विकास सम्बन्धी सूचना प्राप्ति, प्रयोग र वितरणमा आमसञ्चार माध्यमसँग सहकार्य गर्ने ।<br>४. स्थानीय तहका तथ्याङ्क, सिकाई एवं अनुभव आदान प्रदान गरिनेछ ।<br>५. अन्तराष्ट्रिय तथा क्षेत्रिय संजाल र विकास साझेदार संघसंस्थासँग सञ्जाल विस्तार र उपयोग गर्ने ।<br>६. प्राज्ञिक संस्था, निजीक्षेत्र, गैर सरकारी संस्था, नागरिक समाज, व्यावसायिक संघसंस्था, संचार संस्था, विज्ञ समूह, नीति निर्माता, अभियन्ता, संचारकर्मी आदिसँग आवश्यकता अनुसार समन्वय/सहकार्य तथा साझेदारी गरिनेछ । | १. प्रदेश तथा स्थानीय सरकारको क्षमता विकासका विविध क्षेत्रमा अध्ययन, अनुसन्धान र नवप्रवर्तन (Innovation) गर्नका लागि उपयुक्त विश्वविद्यालय, सरकारी/गैरसरकारी संघसंस्था तथा विज्ञहरुसँग आवश्यकता अनुसार MOU तथा साझेदारी निर्माण ।<br>२. प्रदेश तथा स्थानीय सरकारका संयन्त्रहरु, आयोग, समिति, कार्यदल आदिमा सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले सहजीकरण गर्नुपर्ने निकायहरुको पहिचान र सूचीकृत गरिने । | १. प्रतिष्ठान र अन्य विभिन्न संघ सस्थावीच अन्तरसरकारी सम्बन्ध, सहकार्य, समन्वय, संजालीकरण र साझेदारी कायम भएको हुने । |

| | | | | |
|---|---|---|---|---|
| | अनुभव आदान प्रदानको पद्धति विकास गर्ने ।<br>५.२ वित्तीय स्रोत, जनशक्ति व्यवस्थापन, विकास र सेवा प्रवाहमा संघ, प्रदेश र स्थानीय सरकारवीच सहकार्य र समन्वय अभिवृद्धि गर्ने । | ७. अन्तर सरकार परिषद, प्रदेश समन्वय परिषद, वित्त परिषद र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग लगायतका निकायसँग अन्तरसरकारी सम्बन्ध सुदृढ गर्न समन्वय र सहकार्य गरिनेछ । | | |
| **रणनीतिक स्तम्भ-५ स्रोत साधनको व्यवस्थापन र पूर्वाधार विकास** | | | | |
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
| ६. प्रतिष्ठानको **भौतिक, मानवीय तथा आर्थिक स्रोत साधनको व्यवस्थापन**का लागि सहजीकरण गर्ने ।<br>**रणनीति** | ६.१ भौतिक स्रोत-साधनको व्यवस्थापनका लागि भौतिक स्रोत-साधन व्यवस्थापन तथा प्रतिष्ठानको भौतिक पूर्वाधार निर्माण गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने ।<br>६.२ मानवीय स्रोत-साधनको व्यवस्थापनका लागि मानव संसाधन विकास गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने ।<br>६.३ आर्थिक स्रोत साधनको व्यवस्थापनका लागि आन्तरिक तथा बाह्य, सरकारी तथा | १. संघ/प्रदेश सरकार, निजी क्षेत्र, राष्ट्रिय/अन्तराष्ट्रिय विकास साझेदारसँग साझेदारी/सहयोग लिने ।<br>२. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको चल अचल सम्पत्ति परिचालन तथा प्राविधिक तथा परामर्श सेवाबाट प्राप्त आम्दानीको उपयोग गर्ने ।<br>३. तालिम, अनुशिक्षण, प्रशिक्षणबाट प्राप्त शुल्क, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्ताव आह्वानमार्फत प्राप्त हुने स्रोत र कार्यक्रम सञ्चालनमा प्राप्त हुने कार्यालय सञ्चालन खर्चको ओभरहेडबाट प्राप्त आम्दानीलाई संस्थागत विकासमा लगाउने । | १. संघ, प्रदेश सरकारबाट भौतिक पूर्वाधार विकास तथा संस्थागत विकासका लागि आवश्यक बजेट व्यवस्था गर्न व्यवस्थित पहल गर्ने ।<br>२. प्रतिष्ठानको भौतिक पूर्वाधार निर्माण भएपछि त्यसको सदुपयोगका लागि नीजि क्षेत्र तथा अन्य साझेदारसँग समन्वय तथा सहकार्य गर्ने । | १. भौतिक पूर्वाधार निर्माण गुरुयोजना बमोजिमको कार्यक्रम कार्यान्वयन भएको हुनेछ ।<br>२. स्रोत साधनको व्यवस्थापनको प्रभावकारी प्रणाली संस्थागत भएको हुनेछ ।<br>३. निर्माण भएका पूर्वाधारको परिचालन, व्यवस्थापन प्रभावकारी रुपमा भएको हुनेछ । |

| | | | | |
|---|---|---|---|---|
| | गैरसरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत व्यवस्थापन तथा परिचालन गर्ने । | | | |

## भाग-४ प्रस्तावित कार्यक्रम तथा बजेट

### २२. प्रस्तावित कार्यक्रम

प्रतिष्ठानले आगामी १० वर्षका लागि प्रशिक्षण तथा क्षमता विकास, अध्ययन तथा अनुसन्धान, संस्थागत विकास र पूर्वाधार विकासका क्षेत्रमा आफ्ना गतिविधिलाई केन्द्रित गर्नेछ।

क्षमता विकासका कार्यक्रमलाई एकद्वार प्रणालीमार्फत् कार्यान्वयन गर्ने नीतिको अवलम्बन गरिने हुँदा विभिन्न सरकारी तथा गैरसरकारी निकायका सहयोगलाई प्रतिष्ठानमा मूलप्रवाहीकरण गरिने छ। "वर्ष कार्यक्रम" का रुपमा घोषित कार्यक्रम मध्ये भौतिक पूर्वाधार निर्माणको काम संघिय सरकार तथा प्रदेश सरकारको अनुदान सहयोगमा कार्यान्वयन गरिने छ।

माथि उल्लेखित कार्यका अतिरिक्त प्रदेश सरकारले नीति तथा कार्यक्रममार्फत अगाडि सारेका विकास र सुशासनका सवालहरूलाई प्रतिष्ठानमार्फत कार्यान्वयन गरिने छ। संघीय सरकारमार्फत प्रदेश सरकार र स्थानीय तहका लागि सञ्चालन गरिने क्षमता विकस कार्यक्रम समेत प्रतिष्ठानमार्फत कार्यान्वयन गरिने छ। प्रतिष्ठानद्वारा सञ्चालन गरिने प्रशिक्षण र अनुसन्धानका कार्यक्रम स्थानीय तह र अन्य सरोकारवाला निकायसँगको सहकार्यमा कार्यान्वयन गरिने छ।

### २३. अनुमानित बजेट

प्रतिष्ठानले आगामी १० वर्षका लागि प्रशिक्षण तथा क्षमता विकास, अध्ययन अनुसन्धान, संस्थागत विकास र पूर्वाधार विकासका क्षेत्रमा कुल २ अरव ८६ करोड ५७ लाख २५ हजार रुपैयाँ बजेट खर्च गर्ने लक्ष्य राखेको छ। कुल बजेट मध्यः (१) प्रशिक्षण तथा क्षमता विकास तथा सिकाइ व्यवस्थापनमा ५६ करोड ९३ लाख ७५ हजार, (२) अध्ययन अनुसन्धान, नीतिगत वकालत, बहस तथा पैरवी, प्राविधिक परामर्श र सहयोगमा ३ करोड ८८ लाख, (३) सेवा प्रवाह, सुशासन र संस्थागत विकासमा ५ करोड ५ लाख ५० हजार, ४) अन्तरसरकारी सम्बन्ध, सहकार्य, समन्वय, संजालीकरण र साझेदारीमा ७० लाख र (५) स्रोत साधनको व्यवस्थापन तथा पूर्वाधार विकासमा २ अर्व २० करोड बजेट खर्च हुने अनुमान छ। उपर्युक्त रकममा कर्मचारीको तलब, भत्ता र अन्य प्रशासनिक खर्च समावेश गरिएको छैन। यस बजेट परिचालनमार्फत प्रतिष्ठानको संस्थागत विकास र प्रदेश तथा स्थानीय तहको शासकीय क्षमतामा अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ भने योजना अवधिमा (क) प्रदेश तथा स्थानीय तहको क्षमतामा वृद्धि गर्ने, (ख) प्रदेश तथा स्थानीय तहका कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने, (ग) अध्ययन अनुसन्धानका माध्यमबाट प्रदेश तथा स्थानीय तहको कार्यप्रभावकारीतामा अभिवृद्धि गर्ने, र (घ) पूर्वाधारयुक्त प्रतिष्ठानको विकास गर्ने उद्देश्य लिइएको छ।

## २४.प्रस्तावित कार्यक्रम र वजेट विवरण

| क्रियाकलाप | मुख्य नतिजा (Key Deliverables) | पुष्ट्याइँका आधार | योजना (आ.व.) (दुई आर्थिक वर्षलाई एक आधार वर्ष मान्दा) | | | | | | | | | | कुल बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८०-२०८०/८१ | | २०८१/८२-२०८२/८३ | | २०८३/८४-२०८४/८५ | | २०८५/८६-२०८६/८७ | | २०८७/८८-२०८८/८९ | | | |
| | | | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | | |
| (क) **प्रशिक्षण, क्षमता विकास र सिकाइ व्यवस्थापन (रणनीतिक स्तम्भ १)** (प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारी तथा कार्यरत कर्मचारीहरूको कार्यदक्षतामा अभिवृद्धि भएको हुनेछ ।) | | | | | | | | | | | | | | |
| क्षमता विकास आवश्यकता पहिचान | क्षमता विकास आवश्यकता पहिचान भएको हुने | आवश्यकता पहिचान लिष्ट | ३ वटा | ४५० | ३ वटा | ६०० | ३ वटा | ६०० | ३ वटा | ७५० | ३ वटा | ७५० | ३१५० | फिल्ड सर्भे समेत |
| प्रशिक्षण सामग्री निर्माण | मोड्युल तयार भएको हुने | प्रकाशित प्रशिक्षण सामग्री | ३ वटा | ३६०० | ३ वटा | ३६०० | ३ वटा | ४५०० | ३ वटा | ५४०० | ३ वटा | ६००० | २३१०० | ३ पटकको प्रमाणीकरणा समेत |
| कर्मचारीको सेवा कालीन प्रशिक्षण | सेवाकालीन तालिम सञ्चालन भएको हुने | सहभागी हाजिरी, प्रमाण-पत्र तथा मूल्याङ्कन | ४ वटा | ६००० | ४ वटा | ६८०० | ४ वटा | ७२०० | ४ वटा | ७६०० | ४ वटा | ८००० | ३५६०० | |
| सेवा प्रवेश तथा क्षमता विकास तालिम | तालिम सञ्चालन भएको हुने | सहभागी हाजिरी, प्रमाण-पत्र तथा मूल्याङ्कन | ४ वटा | २४०० | २ वटा | १४०० | २ वटा | १६०० | २ वटा | १८०० | २ वटा | २००० | ९२०० | |
| जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास तालिम | तालिम सञ्चालन भएको हुने | सहभागी हाजिरी, मूल्याङ्कन फाराम | २५ वटा | १५००० | ५० वटा | ३५००० | ८५ वटा | ६८००० | १०० वटा | १००००० | ८० वटा | ८०००० | २९८००० | |
| प्रशिक्षणको फलोअप तथा अनुगमन | व्यवहारमा परिवर्तन आएको हुने | अनुगमन फाराम | २५ पटक | २५०० | ५० पटक | ५००० | ८५ पटक | १०६२५ | १०० पटक | १५००० | ८० पटक | १४००० | ४७१२५ | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छोटो अवधिका पेसागत क्षमता विकास कार्यक्रम | तालिम सञ्चालन भएको हुने | सहभागी हाजिरी, आवेदन फाराम | | | | | २ वटा | ३००० | २ वटा | ३६०० | २ वटा | ४००० | १०६०० | |
| अनलाइन क्षमता विकास बजार प्रणाली | अनलाइन तालिम सञ्चालन भएको हुने | आवेदन फाराम | | | | | १ वटा | ५०० | १ वटा | ६०० | १ वटा | ७०० | १८०० | |
| फेलोशिप कार्यक्रम | फेलोशिप कार्यक्रम सञ्चालन भएको हुने | आवेदन फाराम, सम्झौता, सहभागी हाजिरी | | | | | १ वटा | १००० | १ वटा | १२०० | १ वटा | १५०० | ३७०० | |
| युवा नेतृत्व विकास कार्यक्रम | युवा नेतृत्व विकास कार्यक्रम सञ्चालन भएको हुने | आवेदन फाराम, सहभागी हाजिरी | | | १ वटा | १२०० | १ वटा | १५०० | १ वटा | १८०० | १ वटा | २००० | ६५०० | |
| Beyond Training Programme1 | निर्देशिका, SOP, Standing Instructions, Job Aids, Manuals आदिको निर्माण भएको हुने | निर्देशिका, SOP, Standing Instructions, Job Aids, Manuals | | | | | १ वटा | ६०० | १ वटा | ७०० | १ वटा | ८०० | २१०० | |
| निर्वाचित जनप्रतिनिधिको अभिमुखीकरण (स्थानीय तह) | निर्वाचित जनप्रतिनिधिको अभिमुखीकरण भएको हुने | सहभागी हाजिरी, मूल्याङ्कन फाराम | | | | | | | | | ८५ वटा | १२७५०० | १२७५०० | |
| निर्वाचित जनप्रतिनिधिको अभिमुखीकरण (प्रदेश) | निर्वाचित जनप्रतिनिधिको अभिमुखीकरण भएको हुने | सहभागी हाजिरी | | | | | | | | | २ वटा | ३६०० | ३६०० | |
| प्रशिक्षण तथा क्षमता विकासमा जम्मा | | | | २९९५० | | ५३६०० | | १००,१२५ | | १३८४५० | | २४७२५० | ५६९३७५ | |

(ख) **अध्ययन अनुसन्धान, नीतिगत वकालत तथा पैरवी, प्राविधिक परामर्श र सहयोग (रणनीतिक स्तम्भ-२)**

**(Research Engagement and Advocacy Programme-REAP)** (प्रदेश सरकार र स्थानीय तहका नीति, कार्यक्रम, योजना निर्माण र तिनको कार्यान्वयनमा प्रभावकारिता आएको हुनेछ ।)

| क्रियाकलाप | मुख्य नतिजा **(Key Deliverables)** | पुष्ट्याइँका आधार | योजना (आ.व.) (दुई आर्थिक वर्षलाई एक आधार वर्ष मान्दा) | | | | | | | | | | कुल बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८०-२०८०/८१ | | २०८१/८२-२०८२/८३ | | २०८३/८४-२०८४/८५ | | २०८५/८६-२०८६/८७ | | २०८७/८८-२०८८/८९ | | | |
| | | | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | | |
| अध्ययन अनुसन्धान | अनुसन्धान भएको हुने | अनुसन्धान प्रतिवेदन | १ गोटा | ५०० | २ | २००० | २ | २५०० | २ | ३००० | २ | ३५०० | ११५०० | |
| राष्ट्रियस्तरको अन्तरक्रिया | राष्ट्रियस्तरका अन्तरक्रिया भएको हुने | सहभागी हाजिरी, प्रकाशित प्रतिवेदन | १ वटा | १००० | १ वटा | १२०० | १ वटा | १५०० | १ वटा | १८०० | १ वटा | २००० | ७५०० | |
| अन्तर्राष्ट्रिय स्तरको अन्तरक्रिया | अन्तर्राष्ट्रिय स्तरको अन्तरक्रिया आयोजना भएको हुने | सहभागी हाजिरी, प्रकाशित प्रतिवेदन | | | | | १ वटा | १८०० | १ वटा | २००० | १ वटा | २५०० | ६३०० | |
| सवाल केन्द्रित संवाद | नीतिगत सवाल पहिचान हुने | सहभागी हाजिरी, कार्यक्रम प्रतिवेदन | | | २ वटा | १२०० | २ वटा | १४०० | २ वटा | १६०० | २ वटा | १८०० | ६००० | |
| प्रकाशन र प्रसार | Knowledge product को प्रकाशन र प्रसार भएको हुने | Knowledge products | २ वटा | ६०० | ४ वटा | १२०० | ५ वटा | १५०० | ६ वटा | १८०० | ८ वटा | २४०० | ७५०० | |
| अनुसन्धान, बहस तथा संवाद कार्यक्रम जम्मा | | | | २१०० | | ५६०० | | ८७०० | | १०२०० | | १२२०० | ३८८०० | |

**(ग) सेवा प्रवाह, सुशासन र संस्थागत विकास (रणनीतिक स्तम्भ ३)**

(प्रतिष्ठान **center of excellence** का रुपमा स्थापित भएको हुनेछ ।)

| क्रियाकलाप | मुख्य नतिजा **(Key** | पुष्ट्याइँका आधार | योजना (आ.व.) (दुई आर्थिक वर्षलाई एक आधार वर्ष मान्दा) | | | | | कुल बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८०-२०८०/८१ | २०८१/८२-२०८२/८३ | २०८३/८४-२०८४/८५ | २०८५/८६-२०८६/८७ | २०८७/८८-२०८८/८९ | | |

| | Deliverables) | | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिष्ठानको शासकीय संरचनाको कार्यान्वयन | परिषद् र कार्यकारी समितिका बैठक आयोजना भएका हुने | सहभागी उपस्थिति, बैठकका निर्णय | ४ पटक | ४०० | ४ पटक | ५०० | ४ पटक | ६०० | ४ पटक | ७०० | ४ पटक | ८०० | ३००० | परिषद् र कार्यसमितिका २, २ वटा बैठक |
| सूचना प्रविधिको स्थापना | सूचना प्रविधिको स्थापना भएको हुने | सूचना प्रविधिको स्थापना | पद्धति | ३०० | पद्धति | ४०० | पद्धति | ५०० | पद्धति | ६०० | पद्धति | ७०० | २५०० | |
| ज्ञान व्यवस्थापन | ई-लाइब्रेरी, पुस्तकालय, स्थापना भएको | इ-लाइब्रेरी, पुस्तकालय | पद्धति | ३०० | पद्धति | ४०० | पद्धति | ५०० | पद्धति | ६०० | पद्धति | ७०० | २५०० | ई-लाइब्रेरीका |
| परामर्श सेवा परिचालन | विशिष्टीकृत सेवा प्राप्त हुने | प्रतिवेदन | १ पटक | २०० | २ पटक | ५०० | २ पटक | ६०० | २ पटक | ७०० | २ पटक | ८०० | २८०० | कर्मचारीका लागि विशिष्टीकृत तालिम समेत |
| स्वयम् सेवा परिचालन | स्वदेशी र विदेशी संघ सस्थाबाट सेवा प्राप्त हुने | समझदारी पत्र | | | २ जना | ५०० | २ जना | ६०० | २ जना | ७०० | २ जना | ८०० | २६०० | |
| आवश्यक कानूनी पूर्वाधार निर्माण | आवश्यक कानून निर्माण भएको हुने | कानूनी कागजात | पद्धति | २०० | पद्धति | २५० | पद्धति | ३०० | पद्धति | ३५० | पद्धति | ४०० | १५०० | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Quality Circle सहितको Quality Work Life युक्त कार्य वातावरण | Quality Circle को स्थापना | Quality Circle Team | | | पद्धति | २५० | पद्धति | ३०० | पद्धति | ३५० | पद्धति | ४०० | १३०० | Quality Circle तालिम समेत |
| कार्यालय व्यवस्थापन | न्यूनतम पूर्वाधार सहितको कार्यालय | न्यूनतम पूर्वाधार | पद्धति | ४००० | पद्धति | ८००० | पद्धति | १००० | पद्धति | १५०० | पद्धति | २००० | १६५०० | कार्यालयमा फर्निचर, मेसिनरी तथा औजार र सवारी |
| कर्मचारी पुरस्कार | उत्कृष्ट कर्मचारीले पुरस्कार प्राप्त गरेका हुने | निर्णय, पुरस्कार | पद्धति | ५० | पद्धति | १५० | पद्धति | २०० | पद्धति | २५० | पद्धति | ३०० | ९५० | |
| प्रतिष्ठानका कर्मचारीको क्षमता विकास | प्रतिष्ठानका कर्मचारीको क्षमता विकास कार्यक्रम कार्यान्वयन भएको हुने | क्षमता विकास कार्यक्रम प्रतिवेदन | १ वटा | २०० | १ वटा | ७०० | १ वटा | १००० | १ वटा | १२०० | १ वटा | १५०० | ४६०० | |
| कर्मचारीको अवलोकन भ्रमण | कर्मचारीको अवलोकन भ्रमण कार्यान्वयन भएको हुने | अवलोकन भ्रमण प्रतिवेदन | | | १ पटक | ५०० | १ पटक | ७०० | १ पटक | १००० | १ पटक | १२०० | ३४०० | आन्तरिक |
| Exchange learning programme | Exchange learning programme कार्यान्वयन भएको हुने | Exchange learning programme प्रतिवेदन | | | पटक | ७०० | पटक | १००० | पटक | १२०० | पटक | १५०० | ४४०० | अन्तर्राष्ट्रिय कार्यक्रममासहभागीता समेत |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ISBN प्राप्त प्रशिक्षण सामग्री प्रकाशन | ISBN प्राप्त प्रशिक्षण सामग्री प्रकाशन भएको हुने | ISBN प्राप्त प्रशिक्षण सामग्री | ३ गोटा | ६०० | ३ गोटा | ९०० | ३ गोटा | ९०० | ३ गोटा | ९०० | ३ गोटा | १२०० | ४५०० | |
| **संस्थागत विकास जम्मा** | | | | ६२५० | | १३७५० | | ८२०० | | १००५० | | १२३०० | ५०५५० | |

**घ) अन्तरसरकारी सम्बन्ध, सहकार्य, समन्वय, संजालीकरण र साझेदारीः रणनीतिक स्तम्भ ४**

| क्रियाकलाप | मुख्य नतिजा **(Key Deliverables)** | पुष्ट्याइँका आधार | **योजना (आ.व.)** (दुई आर्थिक वर्षलाई एक आधार वर्ष मान्दा) | | | | | | | | | | कुल बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८०-२०८०/८१ | | २०८१/८२-२०८२/८३ | | २०८३/८४-२०८४/८५ | | २०८५/८६-२०८६/८७ | | २०८७/८८-२०८८/८९ | | | |
| | | | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | | |
| अन्तरसरकार, समन्वय, सहकार्य | अन्तरसरकार समन्वय स्थापित भएको हुने | समृद्धि र विकासका सूचकहरूमा टेवा | पद्धति | ५०० | पद्धति | ५०० | पद्धति | १००० | पद्धति | १००० | पद्धति | १००० | ४००० | बैठक, छलफल आदि |
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालीकरण र साझेदारी स्थापना | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नेटवर्क स्थापना भएको हुने | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नेटवर्कका लागि समझदारी पत्र | २ वटा | ६०० | २ वटा | ६०० | २ वटा | ६०० | २ वटा | ६०० | २ वटा | ६०० | ३००० | अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागीता समेत |
| **अन्तरसरकारी सम्बन्ध, सहकार्य, समन्वय, संजालीकरण र साझेदारी जम्मा** | | | | ११०० | | ११०० | | १६०० | | १६०० | | १६०० | ७००० | |

(ङ) स्रोत साधनको व्यवस्थापन तथा पूर्वाधार विकास **(रणनीतिक स्तम्भ ५)** (प्रशिक्षण तथा अनुसन्धानका लागि उपयुक्त वातावरणयुक्त भौतिक पूर्वाधारको विकास भएको हुनेछ ।)

| क्रियाकलाप | | पुष्ट्याइँका आधार | योजना (आ.व.) (दुई आर्थिक वर्षलाई एक आधार वर्ष मान्दा) | कुल बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|

| | मुख्य नतिजा **(Key Deliverables)** | | २०७९/८०-२०८०/८१ | | २०८१/८२-२०८२/८३ | | २०८३/८४-२०८४/८५ | | २०८५/८६-२०८६/८७ | | २०८७/८८-२०८८/८९ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | लक्ष्य | जम्मा बजेट | | |
| प्रतिष्ठान भवन तथा प्रशासनिक भवन निर्माण | भवन निर्माण सम्पन्न भएको हुने | प्राविधिकको प्रतिवेदन, सम्झौता, अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन, | भ्वन | १०००० | भवन | २००००० | भवन | २००००० | भवन | १००००० | भवन | १००००० | ५२०००० | ३ वर्षमा सम्पन्न गर्ने |
| निर्मित भवनको प्रविधिमैत्री, अपाङ्गमैत्री मर्मत सम्भार | भवन मर्मत भएको हुने | प्राविधिकको प्रतिवेदन, सम्झौता, अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन | भवन | ५००० | भवन | ५००० | भवन | ५००० | भवन | ५००० | भवन | २००० | २२००० | पुराना संरचना समेत |
| प्रशिक्षण हलको निर्माण | प्रशिक्षण हलको निर्माण भएको हुने | प्राविधिकको प्रतिवेदन, सम्झौता, अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन, | तालिम हल | ५०००० | तालिम हल | ७०००० | तालिम हल | २००००० | तालिम हल | १००००० | तालिम हल | १०००० | ४३०००० | |
| कम्पाउण्ड पर्खाल निर्माण | पर्खाल निर्माण भएको हुने | प्राविधिकको प्रतिवेदन, सम्झौता, अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन | पर्खाल | १००० | पर्खाल | १०००० | पर्खाल | १०००० | पर्खाल | २००० | पर्खाल | १००० | २४००० | भवन निर्माणसँगै सम्पन्न गर्ने |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पार्क तथा विश्रामशाला निर्माण | पार्क, बगैचा र विश्रामशाला तयार हुने | प्राविधिकको प्रतिवेदन, सम्झौता, अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन | पार्क र बगैंचा | ५०००० | पार्क र बगैंचा | ५००० | पार्क र बगैंचा | ५००० | पार्क र बगैंचा | १००० | पार्क र बगैंचा | १००० | ६२००० | पुराना संरचना र नयाँ भवनको समेत |
| तालिम तथा बैठक कक्षको आधुनिकीकरण | प्रशिक्षण कक्ष मर्मत हुने | प्राविधिकको प्रतिवेदन, सम्झौता, अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन | वटा | ३००० | १ | २००० | १ | ३००० | १ | ४००० | १ | ५००० | १७००० | नियमित मर्मत गर्ने |
| शौचालय निर्माण तथा मर्मत | शौचालय मर्मत भएको हुने | प्राविधिकको प्रतिवेदन, सम्झौता, अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन | ५ वटा | २००० | १ | ३०० | १ | २०० | १ | १०० | १ | १०० | २७०० | |
| भान्साघरको मर्मत | भान्सा घर मर्मत भएको हुने | प्राविधिकको प्रतिवेदन, सम्झौता, अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन | १ वटा | २५०० | १ | २०० | १ | २०० | १ | १०० | १ | १०० | ३१०० | |
| सहभागी आवास गृह निर्माण तथा मर्मतसमेत | सहभागी आवास मर्मत हुने | प्राविधिकको प्रतिवेदन, सम्झौता, अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन | आवास गृह | १००००० | आवास गृह | ५०००० | आवास गृह | ५०००० | आवास गृह | ५००० | आवास गृह | ५००० | २१०००० | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भैतिक पूर्वाधार डिपिआरबमोजिम अन्य पूर्वाधार निर्माण | डिपिआरअनुसार पूर्वाधार निर्माण हुने | | डिपिआर कार्यान्वयन | २००००० | डिपिआर कार्यान्वयन | २००००० | डिपिआर कार्यान्वयन | २००००० | डिपिआर कार्यान्वयन | २००००० | डिपिआर कार्यान्वयन | १९३०० | ८१९३०० | |
| पूर्वाधारमा जम्मा | | | ४२३५०० | | ५४२५०० | | ६७३४०० | | ४१७१०० | | १४३५०० | | २२००००० | |
| कुल बजेट | | | ४६२९०० | | ६१६५५० | | ७९२०२५ | | ५७७४०० | | ४१६८५० | | २८६५७२५ | |

कुल बजेट – २ अरब ८६ करोड ५७ लाख २५ हजार

(१) प्रशिक्षण, क्षमता विकास र सिकाइ व्यवस्थापन (रणनीतिक स्तम्भ १) : ५६ करोड ९३ लाख ७५ हजार

(२) अध्ययन अनुसन्धान, नीतिगत वकालत तथा पैरवी, प्राविधिक परामर्श र सहयोग (रणनीतिक स्तम्भ-२) : ३ करोड ८८ लाख

(३) सेवा प्रवाह, सुशासन र संस्थागत विकास (रणनीतिक स्तम्भ ३): ५ करोड ५ लाख ५० हजार

(४) अन्तरसरकारी सम्बन्ध, सहकार्य, समन्वय, संजालीकरण र साझेदारी (रणनीतिक स्तम्भ ४): ७०००

(५) स्रोत साधनको व्यवस्थापन तथा पूर्वाधार विकास (रणनीतिक स्तम्भ ५): २ अर्ब २० करोड

## २५. बजेट सारांश

| (रकम रु. हजारमा) बजेट तथा कार्यक्रमका शीर्षक | आ.व. २०७९/८०-२०८०/८१ | आ.व. २०८१/८२-२०८२/८३ | आ.व. २०८३/८४-२०८४/८५ | आ.व. २०८५/८६-२०८६/८७ | आ.व. २०८७/८८-२०८८/८९ | जम्मा बजेट | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| प्रशिक्षण, क्षमता विकास र सिकाइ व्यवस्थापन **(रणनीतिक स्तम्भ १)** | २९९५० | ५३६०० | १००१२५ | १३८४५० | २४७२५० | ५६९३७५ | १९.८७% |
| अध्ययन अनुसन्धान, नीतिगत वकालत तथा पैरवी, प्राविधिक परामर्श र सहयोग **(रणनीतिक स्तम्भ-२)** | २१०० | ५६०० | ८७०० | १०२०० | १२२०० | ३८८०० | १.३५% |
| सेवा प्रवाह, सुशासन र संस्थागत विकास (**रणनीतिक स्तम्भ ३**) | ६२५० | १३७५० | ८२०० | १००५० | १२३०० | ५०५५० | १.७७% |
| अन्तरसरकारी सम्बन्ध, सहकार्य, समन्वय, संजालीकरण र साझेदारी (**रणनीतिक स्तम्भ ४**) | ११०० | ११०० | १६०० | १६०० | १६०० | ७००० | ०.२४ % |
| स्रोत साधनको व्यवस्थापन तथा पूर्वाधार विकास (**रणनीतिक स्तम्भ ५**) | ४२३५०० | ५४२५०० | ६७३४०० | ४१७१०० | १४३५०० | २२००००० | ७६.७७% |
| जम्मा बजेट | ४६२९०० | ६१६५५० | ७९२०२५ | ५७७४०० | ४१६८५० | २८६५७२५ | १०० % |

## २६. प्रस्तावित बजेटका स्रोत

रणनीतिक योजना अवधिका लागि प्रस्तावित बजेट देहायका स्रोतहरूबाट व्यवस्थापन गरिनेछ।

| कार्यक्रम | प्रस्तावित बजेट (रकम रु. हजारमा) | बजेटका स्रोत (रकम रु. हजारमा) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय तह | प्रतिष्ठान | अन्य साझेदार संस्था (PLGSPसहयोग बाहेक) | |
| प्रशिक्षण, क्षमता विकास र सिकाइ व्यवस्थापन **(रणनीतिक स्तम्भ १)** | ५६९३७५ | १८२२०० | ३८७१७५ | ० | ० | ० | |
| अध्ययन अनुसन्धान, नीतिगत वकालत तथा पैरवी, प्राविधिक परामर्श र सहयोग **(रणनीतिक स्तम्भ-२)** | ३८८०० | १२४१६ | २६३८४ | ० | ० | ० | |
| सेवा प्रवाह, सुशासन र संस्थागत विकास (**रणनीतिक स्तम्भ ३**) | ५०५५० | ९२७६ | १२६१६.७५ | ० | २८६५७.२५ | ० | |
| अन्तरसरकारी सम्बन्ध, सहकार्य, समन्वय, संजालीकरण र साझेदारी (**रणनीतिक स्तम्भ** ४) | ७००० | २००० | ५००० | | | | |
| स्रोत साधनको व्यवस्थापन तथा पूर्वाधार विकास (**रणनीतिक स्तम्भ ५**) | २२००००० | ७११४० | ७५८४००.५ | ५७३१४.५ | ० | ५७३१४५ | |
| जम्मा | २८६५७२५ | ९०९८९२ | १४२११७५.७५ | ५७३१४.५ | २८६५७.२५ | ५७३१४५ | |
| जम्मा बजेटको हुन आउने प्रतिशत | १००% | १० % | ६० % | ४ % | १ % | २५ % | |

प्रस्तावित जम्मा बजेटको ठुलो हिस्सा प्रतिष्ठानको भौतिक पूर्वाधार निर्माणमा खर्च हुनेछ र उक्त रकम संघिय सरकारबाट ३२ प्रतिशत, ४५ प्रतिशत प्रदेश सरकार, २ प्रतिशत स्थानीय निकाय, १ प्रतिशत सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आन्तरिक स्रोत तथा २० प्रतिशत अन्य साझेदार संस्थामार्फत प्राप्त गर्ने प्रस्ताव गरिएको छ। स्थानीय तहका लागि सञ्चालन गरिने प्रशिक्षण साझेदारीमा सञ्चालन गरिनेछन् भने अध्ययन अनुसन्धानका कार्य प्रतिष्ठान र अन्य सरोकारवालाहरूको सहकार्यमा कार्यान्वयन गरिनेछ। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रतिष्ठान मार्फत कार्यान्वयन हुने कार्यक्रम समेत यसै योजनाको महत्वपूर्ण हिस्साका रुपमा कार्यान्वयन गरिनेछ।

२७.लाभग्राही विवरण

| क.स. | क्रियाकलाप | आर्थिक वर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७९/८०-२०८०/८१ | आ.व. २०८१/८२-२०८२/८३ | आ.व. २०८३/८४-२०८४/८५ | आ.व. २०८५/८६-२०८६/८७ | आ.व. २०८७/८८-२०८८/८९ | |
| १ | प्रशिक्षण सामग्री निर्माणको प्रमाणीकरण | १० | १० | १० | १० | १० | ५० वटा |
| २ | कर्मचारीको सेवाकालीन प्रशिक्षण | १२० | १२० | १२० | १२० | १२० | ६०० जना |
| ३ | कर्मचारी सेवा प्रवेश तथा क्षमता विकास तालिम | १२० | ६० | ६० | ६० | ६० | ३६० जना |
| ४ | जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तालिम | १००० | १५०० | १८०० | २००० | २५०० | ८८०० जना |
| ५ | छोटो अवधिका पेशागत क्षमता विकास कार्यक्रम | ४० | ४० | ४० | ४० | ४० | २०० जना |
| ६ | अनलाइन क्षमता विकास बजार प्रणाली | २० | २० | २० | २० | २० | १०० जना |
| ७ | फेलोशिप कार्यक्रम | १० | १० | १० | १० | १० | ५० जना |
| ८ | युवा नेतृत्व विकास कार्यक्रम | ३० | ३० | ३० | ३० | ३० | १५० जना |
| ९ | निर्वाचित जनप्रतिनिधिको अभिमुखीकरण ( स्थानीय तह) | ५००० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | निर्वाचित जनप्रतिनिधिको अभिमुखीकरण ( स्थानीय तह) | ५००० | | | | | ५००० जना |
| १० | निर्वाचित जनप्रतिनिधिको अभिमुखीकरण (प्रदेश) | ८७ | | | | | ८७ जना |
| ११ | राष्ट्रियस्तरको अन्तरक्रिया | १०० | १०० | १०० | १०० | १०० | ५०० जना |
| १२ | अन्तर्राष्ट्रियस्तरको अन्तरक्रिया | | | | | १०० | १०० जना |
| १३ | परामर्श सेवा तथा परिचालन | ३० | ६० | ६० | ६० | ६० | २७० जना |
| १४ | स्वयम् सेवा परिचालन | २ | २ | २ | २ | २ | १० जना |
| १५ | अन्तर सरकार समन्वय | १०० | १०० | १०० | १०० | १०० | ५०० जना |
| १६ | प्रतिष्ठानका कर्मचारीको क्षमता विकास | १५ | १५ | १५ | १५ | १५ | ७५ जना |
| १७ | कर्मचारीको अवलोकन भ्रमण | | १५ | १५ | १५ | १५ | ६० जना |
| १८ | Exchange learning programme | | १० | १५ | ५० | ५० | १२५ जना |
| १९ | सवाल केन्द्रित संवाद | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| जम्मा | | | | | | | |

## २८. प्रशिक्षणका विषयवस्तु

प्रतिष्ठानले प्रदेश र स्थानीय तहको आवश्यकतालाई सम्बोधन गर्ने गरी प्रशिक्षणको विषयवस्तु निर्धारण गर्नेछ । प्रशिक्षणलाई प्रदेश तथा स्थानीय तहका विकास, सुशासन र संस्थागत सुदृढीकरण कार्यक्रमसँग आवद्ध गराइने छ ।

प्रतिष्ठानले व्यवहारिक अभ्याससमेत दिलाउने गरी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने छ। प्रतिष्ठानले सञ्चालन गर्ने प्रशिक्षणमार्फत प्रशिक्षार्थीको कार्यसम्पादन सुधारमा जोड दिने छ। "कार्यसम्पादनमा सुधार, परिणाममूखी प्रशासनिक आधार, समृद्धि र सुशासनको पूर्वाधार"को सिद्धान्तलाई अवलम्बन गर्ने छ।

## भाग-५ योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र जोखिम पहिचान

### २९. योजनाको कार्यान्वयन

प्रदेश सरकार र प्रदेश सरकार अन्तर्गतका कार्यालयहरूको प्रत्यक्ष समन्वय र सहकार्यमा योजनाको कार्यान्वयन गरिनेछ । स्थानीय तहका लागि सञ्चालन गरिने प्रशिक्षण र अन्य सहयोगका क्रियाकलाप स्थानीय तहसँगको समन्वय र लागत साझेदारीमा सञ्चालन गरिनेछ । अध्ययन, अनुसन्धान र नीतिगत बहस एवम् पैरवी जस्ता कार्यक्रम विभिन्न विकास साझेदारसँगको समन्वय, साझेदारी र सहकार्यमा कार्यान्वयन गरिनेछ । प्रशिक्षण तथा अनुसन्धानका लागि वार्षिक क्यालेण्डर तयार गरिनेछ ।

प्रदेश सरकारकरले नीति तथा कार्यक्रममार्फत् अगाडि सारेका विकास र सुशासनका सवालहरूलाई आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ । संघीय सरकारमार्फत् प्रदेश सरकार र स्थानीय तहका लागि सञ्चालन गरिने क्षमता विकस कार्यक्रम समेत प्रतिष्ठानमार्फत् कार्यान्वयन गरिनेछ ।

### कार्यान्वयन कार्ययोजना

रणनीति र कार्यनीति कार्यान्वयनका लागि वार्षिक क्रियाकलापमा समावेश तथा अद्यावधिक गरी कार्यान्वयन गर्न पहिचान गरिएका मुख्य गतिविधि सञ्चालनका क्षेत्रहरु

- सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको व्यवसायिकता र संस्थागत क्षमता अभिवृद्धि (HR, OD, TOR आदि) ।
- अध्ययन, अनुसन्धान, नवप्रवर्तन र नयाँ अभ्यासको खोजी
- अन्तरसरकारी सम्बन्ध सुदृढीकरण ।
- पारदर्शिता अभिवृद्धि र मितव्ययिता ।
- सेवा प्रवाहमा सुधार तथा जवाफदेही पद्धति सुधार ।
- अनुगमन सूचक विधि र प्रयोग ।
- क्षमता अभिवृद्धि आवश्यकता पहिचान ।
- कार्यक्रम तर्जुमा र कार्यक्रम समन्वय ।
- परामर्श सेवा (लिने, दिने) ।
- पूर्वाधार विकास र प्रविधि ।
- प्रदेश तथा स्थानीय सरकारको सुदृढिकरणं लक्षित कार्यक्रम समन्वय ।
- वित्तीय सुशासन जोखिम न्यूनीकरण (Fiduciary Risk Reduction)।
- लैंगिक समानता तथा समाजिक समावेशीकरणमा प्रोत्साहन ।
- स्थानीय सरकारसँगको सहकार्यमा क्षमता विकास योजना, आवधिक योजना, लैससास मूलप्रवाहीकरण रणनीति/परीक्षण राजश्व सुधार योजना तर्जुमा।
- वैकल्पिक सेवा प्रवाह ।
- प्रविधि विकास र सेवाप्रवाहसँग आवद्धता ।
- सूचना/तथ्यांक केन्द्र स्थापना ।
- उत्तम अभ्यास आदान प्रदान ।
- कार्यमूलक अनुसन्धान ।
- वार्षिक रुपमा अन्तरसरकारी सम्बन्धका वारेमा नीतिगत समन्वय र सहकार्यको प्रगति समीक्षा र प्रतिवेदन ।
- प्रदेश तथा स्थानीय सरकारले अनुरोध गरेका अन्य आवश्यक कार्यक्रम ।

## ३०. अनुगमन तथा मूल्याङ्कन

प्रतिष्ठानको प्रशिक्षण तथा अनुसन्धान नीति र रणनैतिक योजनाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ । बार्षिक कार्यक्रम र आवधिक योजनाका बिचमा तादम्यता कायम गरिनेछ । रणनैतिक योजनाको लक्ष्य र उद्देश्य प्राप्तिलाई सुनिश्चित गराउन अनुगमन र मूल्याङ्कनलाई योजनाको अङ्गका रुपमा आवद्ध गराइनेछ । निरन्तर रुपमा गरिने अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणका आधारमा योजनामा सुधार र परिमार्जन गर्दै लगिनेछ ।

वार्षिक कार्यक्रम अन्तर्गतका प्रशिक्षण कार्यक्रमको अनुगमन, फलोअप र स्थलगत सहयोगलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । अनुगमन, फलोअप र स्थलगत सहयोगका माध्यमबाट प्रशिक्षणको व्यवहारिक कार्यान्वयनलाई सुनिश्चित गराइनेछ । अनुगमन र फलोअपका लागि अनुगमन तथा फलोअप योजना (Monitoring and Follow-up Plan) र चेकलिष्ट तयार गरिनेछ । प्रशिक्षणमा गरेको लगानीको प्रतिफल ( Value for money) सुनिश्चित गराइनेछ ।

अनुसन्धान कार्यबाट प्राप्त तथ्य, तथ्याङ्क र निष्कर्षलाई प्रतिष्ठानका काममा आवद्ध गराइनेछ । अनुसन्धानका निष्कर्षहरूलाई बिभिन्न माध्यमबाट प्रकाशन गरी सरोकारवालाको पहुँचमा पुऱ्याइनेछ । रणनीतिक योजनाको कार्यान्वयनलाई लक्ष्योन्मुख बनाउनका लागि देहायबमोजिमको व्यवस्था गरिएको छ ।

**क) आवधिक समीक्षा** : रणनीतिकि योजना कार्यान्वयनको निरन्तर अनुगमनका लागि प्रतिष्ठानमा कार्यकारी निर्देशकको संयोजकत्वमा अनुगमन संयन्त्र निर्माण गरिनेछ । संयन्त्रको पृष्ठपोषणका आधारमा योजनामा उल्लेखित क्रियाकलापको वार्षिक रुपमा समिक्षा आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र गरिनेछ ।

**ख) मध्यावधि मूल्याङ्कनः** रणनीतिक योजना कार्यान्वयनको २ वर्ष ६ महिनापछि योजनाको मध्यावधी मूल्याङ्कन गरिनेछ । मध्यावधि मूल्याङ्कन गर्दा उक्त अवधिसम्म हासिल भएका उपलब्धि एवम् कार्यान्वयनको सन्दर्भमा देखिएका कमी कमजोरीको वस्तुगत विश्लेषण गरिनेछ । मूल्याङ्कन अवधिमा भएका कानुनी तथा नीतिगत परिवर्तन तथा उपलब्ध स्रोत साधन समेतको समीक्ष गरी प्राप्त सुझावका आधारमा आवश्यकता अनुसार क्रियाकलाप एवम् स्रोत व्यवस्थापन समेतको परिमार्जन गर्न सकिनेछ ।

**ग) अन्तिम मूल्याङ्कनः** रणनीतिक योजना कार्यान्वयनको अन्तिम अर्थात पाँचौ वर्षमा चालु रणनीतिक योजनाको अन्तिम मूल्याङ्कन र आगामी दोस्रो रणनीतिक योजनाको पूर्व तयारी गरिनेछ । पाँचौ वर्षको पहिलो छ महिना व्यतित भएपछि यस योजनाको अन्तिम मूल्याङ्कन प्रारम्भ गरिनेछ । यो मूल्याङ्कनबाट प्राप्त अनुभव तथा पृष्ठपोषणलाई दोस्रो रणनीतिक योजना निर्माणको आधारमा रुपमा लिइनेछ । रणनीतिक योजनाको अन्तिम मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशन समेत गरिनेछ ।

## ३१. समन्वय

यो रणनीतिक योजना प्रभावकारी रुपमा कार्यान्वयनका लागि विशेषतः संघिय सरकार र सुदुरपश्चिम प्रदेश सरकारका सम्पूर्ण सरोकारवाला अवयवहरुवीच प्रभावकारी समन्यव कायम गरिनेछ । सङ्घीय सरकार अन्तर्गतका मन्त्रालय तथा निकायहरु, प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा निकायहरु, प्राज्ञिक तथा अनुसन्धानात्मक संस्थाहरु, विभिन्न विकास साझेदारहरु, गैरसरकारी संस्थाहरु, स्थानीय सामुदायिक संस्थाहरु, नागरिक समाज एवम् विज्ञ रोष्टर लगायतका सरोकारवाला निकाय तथा क्षेत्रबीच पारस्परिक समन्वय स्थापित गरी रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**३२. स्रोत व्यवस्थापन**

यस रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत तथा वित्तिय व्यवस्थापन संघिय सरकार, प्रदेश सरकार, विकास साझेदार, स्थानीय निकाय तथा अन्य नीजि तथा गैरसरकारी संघसंस्थाहरुबाट प्राप्त हुन अपेक्षा गरिएको छ ।

**३३. सम्भाव्य जोखिमको पहिचान**

प्रस्तुत पहिलो रणनीतिक योजना कार्यान्वयनका क्रममा आउनसक्ने सम्भाव्य जोखिमलाई देहायबमोजिम उल्लेख गरिएको छः-

१. स्रोतको सुनिश्चितता हुन नसक्नु,

२. सरोकारवालासँगको सम्बन्ध तथा समन्यव कमजोर रहनु,

३. प्रतिष्ठानको नेतृत्व, कर्मचारी तथा विज्ञहरुमा उत्प्रेरणाको कमी हुनु,

४. संघिय सरकार तथा प्रदेश सरकारको सहयोगको तदारुकताको कमी हुनु,

५. विकास साझेदार तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुको न्यून सहयोग रहनु,

६. नीतिगत व्यवस्था तथा कानुन कार्यान्वयन प्रभावकारी नहुनु,

७. सूचना प्रविधिको प्रयोगमा कमी तथा दक्ष जनशक्तिको अभाव रहनु ।

८. प्राकृतिक प्रकोप तथा विश्वव्यापी महामारीले कार्यान्वयनमा पर्याप्त समय नपुग्नु,

९. स्वार्थी र परिवर्तन विरोधी संस्कार विद्यमान रहनु ।

## भाग-६ मानव संसाधन र संस्थागत दिगोपन

### ३४. संगठन संरचना

प्रतिष्ठानलाई दक्षतायुक्त कर्मचारी भएको एउटा चुस्त संगठनका रुपमा स्थापित गराइनेछ । संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संगठन संरचना निर्धारण गरिनेछ । प्रशिक्षण र अनुसन्धानका लागि विषय विज्ञको रोष्टर तयार गरी परिचालन गरिनेछ । सेवा लिने (services buy-in) सिद्धान्तका आधारमा प्रतिष्ठानका क्रियाकलाप कार्यान्वयन गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका विषय विज्ञहरूमार्फत ज्ञान र सीपको हस्तान्तरण गरिने छ ।

### ३५ सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कार्य सञ्चालन

देशमा संघीयता कार्यान्वयनकै क्रममा प्रदेश तथा स्थानीय सरकारको क्षमता अभिवृद्धिका लागि प्रभावकारी प्रशिक्षण कार्यक्रम सञ्चालन तथा अन्य विभिन्न कामका लागि सहजीकरण गर्ने अभिप्रायले स्थापित सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कार्य सञ्चालन प्रतिष्ठानको गठन कार्यादेश तथा नीति र नियमको अधिनमा रहि परिणाममूखी र प्रभावकारी ढंगले सम्पादन गर्नु आवश्यक छ । सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कार्य सञ्चालनलाई संघीय सरकार तथा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, प्रदेश सरकार, स्थानीय सरकार र क्षेत्रिय तथा अन्तराष्ट्रिय स्तरको समेत सहयोग र समन्वयमा सञ्चालन गरिन्छ ।

### ३६. मानव संसाधन विकास

प्रतिष्ठानका कर्मचारीमा व्यावसायिक कार्यकुशलता र उद्यमशिलताको विकास गराईने छ । प्रशिक्षण र अनुसन्धानका समसामयिक ज्ञान र आधुनिक प्रविधि कर्मचारीहरूलाई उपलब्ध गराइने छ । कार्यकुशलता, गुणस्तरीयता र प्रभावकारीतालाई प्राथमिकता दिइनेछ । संस्थाको मान्यतालाई सदैव व्यवहारमा कार्यान्वयन गरिने छ ।

कर्मचारीको साप्ताहिक योजना, मासिक प्रगति प्रतिवेदन, दक्षताको स्व-मूल्याङ्कन र कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई कार्यान्वयन गरिने छ । थोरै जनशक्तिबाट धेरै काम लिने सिद्धान्तलाई अवलम्वन गरी योजनाको कार्यान्वयन गरिने छ । कर्मचारीको क्षमता विकासलाई ध्यान दिइने छ ।

### ३७. संस्थागत दिगोपन र आत्मनिर्भरता

प्रतिष्ठानलाई आत्मनिर्भर र स्वायत्त संस्थाको रुपमा विकास गर्न स्वआर्जनका क्रियाकलापहरू कार्यान्वयन गरिनेछ । प्रतिष्ठानका भौतिक संरचनाहरूको उपयोग, आन्तरिक जनशक्तिको परिचालन, परामर्श सेवा र सेवाको विक्री, व्यावसायिक क्रियाकलापहरूको कार्यान्वयन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगको परिचालन आदिका माध्यमद्वारा प्रतिष्ठानलाई आर्थिक रुपमा सबल र आत्मनिर्भर बनाइनेछ ।

**अनुसूची १ः संगठनात्मक संरचना**

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको Organogram राख्ने

**प्रशिक्षण परिषद**

प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा देहाय वमोजिमको प्रशिक्षण परिषद् रहनेछः

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग - सदस्य

(ग) अध्यक्ष, प्रदेश लोक सेवा आयोग - सदस्य

(घ) मुख्यमन्त्रीले तोकेको प्रदेश स्तरको विश्वविद्यालयको उप-कूलपति -सदस्य

(ङ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(च) प्रदेश सरकारका सचिवहरू - सदस्य

(छ) प्रदेश सरकारले मनोनित गरेको दुई जना महिला सहित तीन जना - सदस्य

(ज) प्रतिष्ठानका कार्यकारी निर्देशक - सदस्य-सचिव

**कार्यकारी समिति**

प्रतिष्ठानको उद्देश्य एवं नीति अनुरुप प्रशिक्षण एवं अनुसन्धान

कार्यक्रमलाई सुव्यवस्थित रुपले सञ्चालन गर्न गराउन देहाय वमोजिमका सदस्यहरु भएको कार्यकारी समिति रहनेछः

(क) प्रतिष्ठानको कार्यकारी निर्देशक - अध्यक्ष

(ख) सचिव, प्रशासन तथा बैठक महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) सचिव, प्रदेश लोक सेवा आयोग - सदस्य

(च) सचिव, प्रदेश नीति तथा योजना आयोग - सदस्य

(छ) कार्यकारी निर्देशकले तोकेको प्रतिष्ठानको उप-कार्यकारी निर्देशक - सदस्य-सचिव

**अनुसूची २ सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कर्मचारी विवरण**

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | पदमराज जोशी | कार्यकारी निर्देशक, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| २ | रामसिहं ठगुन्ना | स्थानीय शासन विज्ञ, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ३ | नवराज नेपाली | क्षमता विकास विज्ञ, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ४ | गंगा दत्त पनेरु | पाठ्यक्रम विकास विज्ञ, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ५ | पूर्ण सिहं विष्ट | वरिष्ट व्यवस्थापन सहायक, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ६ | रचित श्रेष्ठ | पूर्वाधार विकास विज्ञ, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ७ | सिर्जना रेग्मी | कार्यक्रम सहायक, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ८ | रतन विष्ट | का.स.,सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ९ | लाल बहादुर बोहरा | कार्यक्रम सहयोगी, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| १० | कर्ण बहादुर विष्ट | कार्यक्रम सहयोगी, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ११ | ईश्वर अवस्थी | कार्यक्रम सहयोगी, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| १२ | तुलछी देवि वि.क | कार्यालय सहयोगी |
| १३. | गंगा दत्त भट्ट | चाालक |
| १४ | लक्ष्मण बहादुर विष्ट | का.स |
| १५ | नर बहादुर तामाङ्ग | चालक |
| १६ | लक्ष्मण महरा | गार्ड |
| १७ | बासु भण्डारी | चालक |

**अनुसूची ३ : अनुगमन र मूल्यांकन बिधि र संयन्त्र**

| के अनुगमन गर्ने? | कसले अनुगमन गर्ने? | कहिले अनुगमन गर्ने? | कसरी अनुगमन गर्ने? | कैफियत |
|---|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | कार्यकारी निर्देशक र बिभाग | पटके, मासिक, चौमासिक र बार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने | तेस्रो पक्ष मूल्याङ्कन हुने |
| प्रतिफल अनुगमन | कार्यकारी निर्देशक, कार्यकारी समिति | अर्धवार्षिक, बार्षिक र मध्यावधि | • स्थलगत अनुगमन गर्ने<br>• बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने | तेस्रो पक्ष तथा मध्यावधी मूल्याङ्कन हुने |
| असर तह अनुगमन | कार्यकारी समितिबाट नियुक्त स्वतन्त्र बिज्ञ समुह | बार्षिक, मध्यावधि र अन्तिम बर्ष | • सहभागितामूलक छलफल गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• नमूना सर्वेक्षण गर्ने | तेस्रो पक्ष तथा मध्यावधी मूल्याङ्कन हुने । |
| प्रभाव तह अनुगमन | कार्यकारी समितिबाट नियुक्त स्वतन्त्र बिज्ञ समुह | मध्यावधि र अन्तिम बर्ष | • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• सहभागितामूलक छलफल गर्ने<br>• अध्ययन तथा सर्वेक्षण गर्ने | तेस्रो पक्ष तथा मध्यावधी मूल्याङ्कन हुने |

**अनुसूची ४ : रणनीतिक योजना तर्जुमामा सहभागी पदाधिकारी, विज्ञ तथा सरोकारवालाहरुको विवरण**

१. कार्यशालामा सहभागी पदाधिकारी, विज्ञ तथा सरोकारवाला व्यक्ति तथा संस्थाहरुको विवरण

**कार्यशाला गोष्ठी १**

मिति : २०७९/३/८ स्थान : सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान,

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | पदमराज जोशी | कार्यकारी निर्देशक, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| २ | रामसिहं ठगुन्ना | स्थानीय शासन विज्ञ, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ३ | नवराज नेपाली | क्षमता विकास विज्ञ, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ४ | गंगा दत्त पनेरु | पाठ्यक्रम विकास विज्ञ, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ५ | पूर्ण सिहं विष्ट | वरिष्ट व्यवस्थापन सहायक, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ६ | रचित श्रेष्ठ | पूर्वाधार विकास विज्ञ, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ७ | सिर्जना रेग्मी | कार्यक्रम सहायक, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ८ | रतन विष्ट | का.स.,सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ९ | लाल बहादुर बोहरा | कार्यक्रम सहायक, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| १० | कर्ण बहादुर विष्ट | कार्यक्रम सहायक, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| ११ | ईश्वर अवस्थी | कार्यक्रम सहायक, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| १२ | आरके ढुंगाना | विज्ञ सहजकर्ता |
| १३ | उदय मानन्धर | विज्ञ सहजकर्ता |
| १४ | हिम्मत सिंह लेकाली | विज्ञ सहजकर्ता |

**कार्यशाला गोष्ठी २**

मिति : २०७९/३/९ स्थान : मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, धनगढि

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | रामेश्वर दंगाल | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | टुवराज पोखेल | सचिव(प्रशासन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३ | नवराज ओझा | उपसचिव, प्रशासन तथा वैठक शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४ | यम नाथ गिरी | PLGSP, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५ | नरेन्द्र शाह | योजना अनुगमन तथा नतिजा व्यवस्थापन, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ६ | कृष्णराज जोशी | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, निजि सचिवालय |
| ७ | आरके ढुंगाना | रणनीतिक योजना विज्ञ |
| ८ | जनक गिरी | क्षमता विकास विज्ञ |
| ९ | पदम राज जोशी | कार्यकारी निर्देशक, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| १० | रामसिंह ठगुन्ना | स्थानीय शासन विज्ञ, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |

२. रणनीतिक योजना तर्जुमामा संलग्न विज्ञहरुको विवरण
प्रस्तुत रणनीतिक योजना तर्जुमाका क्रममा क्रियटिभ मल्टीसेक्टर रिसर्च तथा ट्रेनिङ सेन्टर प्रा.लि अन्तर्गतका देहाय वमोजिमका विज्ञहरुको सहभागिता रहेको थियो :

क. श्री राम कुमार ढुंगाना- टिम लिडर

ख. श्री उदय मानन्धर-सहायक टिम लिडर

ग. हिम्मत सिंह लेकाली-विज्ञ सदस्य

## प्राथमिकता प्राप्त कार्यक्रमको सारसङ्क्षेप

| रणनीतिक योजना कार्यान्वयनको आधार वर्ष | प्राथमिकता | क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| पहिलो आधार वर्ष आ.व. २०७९/८०-२०८०/८१ | पूर्वाधार तयारी तथा प्रणाली मजवुतिकरणको वर्ष | • प्रतिष्ठानको कार्यालय व्यवस्थापन<br>• प्रतिष्ठानको कर्मचारी व्यवस्थापन तथा मानव संसाधन विकास<br>• प्रशिक्षण र अनुसन्धान सम्बन्धी नीति तर्जुमा<br>• प्रतिष्ठानको आवधिक योजना तर्जुमा<br>• संगठन तथा व्यवस्थापन सर्वेक्षण<br>• क्षमता विकास आवश्यकताको पहिचान तथा क्षमता विकास योजना तयारी<br>• प्रशिक्षण सामग्री निर्माण<br>• अध्ययन, अनुसन्धान, बहस र संवाद<br>• वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा<br>• प्रतिष्ठानको पूर्वाधार विकास तथा भवन निर्माणका लागि पहल<br>• स्थानीय तहले गरेका राम्रा कामहरुको अभिमुखीकरण तथा प्रकाशन<br>• पुराना संरचनाको मर्मत सम्भार र कार्यालय परिषरको सौन्दर्यकरण<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माणको सुरु | नयाँ निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि अभिमूखीकरण तथा स्मार्ट नेतृत्वसम्बन्धी तालिम गरिने । (भौतिक पूर्वाधार गुरुयोजनाले निर्देशीत गरेको कार्यलाई पाथमिकताकासाथ कार्यान्वयन गरिने ।) |
| दोश्रो आधार वर्ष आ.व. २०८१/८२-२०८२/८३ | संस्थागत विकासको वर्ष | • प्रशिक्षण सामग्री निर्माणको निरन्तरता<br>• क्षमता विकास योजना कार्यक्रमको कार्यान्वयन<br>• संस्थागत डिजिटलाइजेशन<br>• प्रविधिमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माण | आ.व. २०७९/८० सुरु गरिएका कार्यक्रमहरुको निरन्तरता प्रतिष्ठानको संस्थागत पद्धति विकास र कार्यान्वयनलाई |

| | | | |
|---|---|---|---|
| | | • प्रतिष्ठानको मानव संसाधन विकास<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण<br>• वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा<br>• भवन निर्माण (निरन्तर)<br>• अनलाइन तालिमको डिजाइन निर्माण | प्रभावकारी ढंगले अगाडि बढाइने । |
| तेश्रो<br>आ.व. २०८३/८४-२०८४/८५ | रणनीतिक योजनाका कार्यक्रम कार्यान्वयनको वर्ष | • रणनीतिक योजनाका कार्यक्रमको व्यापक कार्यान्वयन<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण<br>• अन्तर्राष्ट्रिय सम्मेलनको तयारी<br>• प्रतिष्ठानको मानव संसाधन विकास<br>• अनलाइन कोर्सको डिजाइन तथा तयारी | पूर्वाधार विकास र संस्थागत विकासको जगमा रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको वर्षको रुपमा अगाडि बढाइने । |
| चौथो आधार वर्ष<br>आ.व. २०८५/८६-२०८६/८७ | समन्वय साझेदारी निर्माणको वर्ष | • क्षमता विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन<br>• दोस्रो आवधिक योजना तर्जुमाको सुरुवात<br>• क्षमता विकास कार्यक्रमको कार्यान्वयन<br>• राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्था, विभिन्न विश्वविद्यालय, सरकारी तथा गैर सरकारी संस्थासँग MOU गरी साझेदारी निर्माण गर्ने ।<br>• प्रतिष्ठानको मानव संसाधन विकास | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र साझेदारीलाई व्यापक रुपमा कार्यान्वयन गर्ने विशेष वर्षका रुपमा कार्यान्वयन गरिने । |
| पाँचौं आधार वर्ष<br>आ.व. २०८७/८८-२०८८/८९ | प्रतिष्ठानको दिगोपना र आत्मनिर्भरताको वर्ष | • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण<br>• क्षमता विकास कार्यक्रमको कार्यान्वयन<br>• अध्ययन, अनुसन्धान, बहस र संवाद<br>• वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा<br>• दोस्रो आवधिक योजना तर्जुमा<br>• प्रतिष्ठानको मानव संसाधन विकास<br>• International Organization for Standardization(ISO) प्रक्रियाको लागि पूर्वाधार निर्माण | संस्थागत पद्धतिको स्थापना, आर्थिक स्रोतहरुको व्यवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग र साझेदारीको कार्यान्वयन आदिमार्फत संस्थागत स्थायित्व र आत्मनिर्भरताको वर्षका रुपमा कार्यान्वयन गरिने । |

प्रथम रणनीतिक योजना अवधिका अपेक्षित मुख्य उपलब्धि **(Major Outputs)**

| | |
|---|---|
| (१) सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको सशक्तिकरण र क्षमता विकासका लागि स्रोत व्यवस्थापन, मानव संसाधन, संरचनाको सुदृढीकरण<br>(२) प्रदेश तथा स्थानीय सरकारलाई आवश्यक विषयमा प्राविधिक परामर्श र विशेषज्ञ सेवा प्रदान गर्न कम्तिमा २५ वटा स्तरीय प्रशिक्षण सामग्रीको निर्माण तथा १० वर्षमा कम्तिमा ३० हजार जना जनप्रतिनिधि, कर्मचारी तथा सर्वसाधारणलाई तालिम प्रदान<br>(३) सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानबाट पारदर्शी, जवाफदेही तथा प्रभावकारी सेवा प्रदान गर्न कम्तिमा ५ वटा Standard Operating Procedure(SOP) को निर्माण<br>(४) सुशासन, विकास र सेवा प्रवाहका समसामयिक सवालहरुमा निरन्तर अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धिका लागि कम्तिमा ५ वटा अर्थपूर्ण अध्ययन र अनुसन्धान प्रतिवेदन प्रकाशन ।<br>(५) प्रशिक्षण तथा प्रशिक्षण केन्द्रसँग सम्बन्धित समसामयीक मुद्दा केन्द्रित कम्तिमा ६ वटा संवाद/अर्न्तक्रिया र तीनका नतिजाको प्रकाशन | (६) प्रदेश तथा स्थानीय तहको सेवा प्रणालीमा सुधारका लागि संस्थागत क्षमता बढाई आवश्यक सीप र दक्षता अभिवृद्धि मार्फत आधारभूत सेवा, सुविधा प्रवाह गर्न कम्तिमा ७ वटा राष्ट्रियस्तरका अनुभव आदान प्रदान गोष्ठीको आयोजना<br>(७) सुशासन, विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन अन्तर सरकारी सम्बन्ध, समन्वय, सञ्जालीकरण, साझेदारी र सहकार्य प्रवर्द्धन गर्न कम्तिमा ५ वटा अन्तर्राष्ट्रियस्तरका संस्थासँग कार्यगत सम्बन्ध स्थापना<br>(८) कम्तिमा २ वटा अन्तर्राष्ट्रियस्तरका अनुभव आदान प्रदान गोष्ठी आयोजना<br>(९) International Organization for Standardization(ISO) प्रक्रियाको लागि पूर्वाधार निर्माणको तयारी ।<br>(१०) प्रतिष्ठानको प्रविधिमैत्री कार्यालय भवन, E-Library र अन्तर्राष्ट्रिय मापदण्डको प्रशिक्षण हलको निर्माण |

# समाप्त